# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमि

गर्भधारण देखिनै उपयुक्त वातावरण सृजना गर्न सकेमा बालवालिकाहरूलाई पूर्ण व्यक्तित्व विकास गर्न सजिलो हुन्छ भनेर विभिन्न मनोवैज्ञानिक र शिक्षाविद्हरूले उल्लेख गरेको पाइन्छ। बाल शिक्षाको मूल उद्देश्य बालवालिकाको क्षमता तथा जन्मसिद्ध प्रतिभाको विकास गर्नु हो । यसका साथै बालवालिकालाई दिने शिक्षालाई उद्देश्य उन्मुख बनाउनका लागि ३-४ वर्ष उमेर समूहका लागि समुदायमा र विद्यालयमा आधारित भएर बालविकास कार्यक्रमको सञ्चालन भई रहेका छन् । हाल नेपालमा ३३,४०४ ECD/PPC सञ्चालित छन् । (Flash Report 2011/12) बालवालिकाको सम्पूर्ण पक्षको विकासमा पञ्चवर्षिय योजनाले सन् २००७ सम्ममा १३,००० वटा ECD खोल्ने लक्ष्य राखेको थियो । त्यस्तै गरी सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजनाले पनि सन् २०१५ सम्ममा देशभरमा ७४,००० ECD केन्द्रहरू स्थापना गर्ने लक्ष्य राखेको छ। (EFA 2001-2015)

Rajbhandari (2013) मा नेपाल सरकारले विभिन्न समयमा सञ्चालन गरेका बालविकास कार्यक्रमलाई यसरी उल्लेख गरेका छन्।

नेपाल सरकारको स्थानीय विकास मन्त्रालय र UNICEF ले सन् १९८३ मा 'Production Credit for Rural Woman (PCRW) को सञ्चालन गरेको थियो जुन परियोजनाले बालवालिकाहरूलाई स्याहार गरेर बस्ने आमा तथा दाई दिदीहरूलाई बालवालिकाको हेरविचार गरी बस्नुपर्ने समयको वचत गराउनको लागि घरमा तथा समुदायमा आधारित शिशु स्याहार केन्द्रको सञ्चालन गरेको थियो । त्यस्तै Small Farmers Development Project (1975) ले पनि शिशु स्याहार केन्द्र सञ्चालन गरेको थियो । जसबाट स्याहार गरेर वस्ने व्यक्तिहरूलाई र गरीब कृषकहरूलाई आयमूलक र सीपमूलक कार्यमा लाग्न सहज भएको थियो।

प्रारम्भिक बालविकासनै मानव विकासको जग हो । समाज, घरपरिवार बालवालिकाको पहिलो पाठशाला हो। बालकको ०-५ वर्षसम्मको अवस्थालाई एक चुनौतीपूर्ण अवस्थाको रूपमा लिइन्छ। नेपालमा प्रारम्भिक बालविकासको कार्यक्रमको दुरदृष्टि “रमाइलो र बालप्रिय सिकाइ वातावरण तयार गरी हरेक बालवालिकाको क्षमता विकास गर्न पाउने अधिकार छ” भन्ने मान्यताभित्र विद्यालय तथा समुदायबाट सेवा सञ्चालन गर्ने र राष्ट्रिय नीतिबाट त्यसको सहजीकरण तथा विशेषज्ञहरूबाट पेशागत पृष्ठपोषण गर्ने रहेको छ।

बालविकास र बालशिक्षासँग समबन्धित विभिन्न शिक्षाविद, दार्शनिक र मनोवैज्ञानिकहरूको विभिन्न धारणाको जगमा रहेर नेपालको बालविकास सम्बन्धी शिक्षाको विकास भएको पाइन्छ । त्यसैले यहाा केही शिक्षाविद्हरूको विचरा छोटकरीमा उल्लेख गरिन्छ ।

सन् १७८२ मा जर्मनीमा जन्मिएका फ्रोवेलले आफ्नो पुस्तक "The Education of Man" नामक पुस्तकमा शिक्षासम्बन्धी विचार तथा सिद्धान्त प्रस्तुत गरेका छन् । उनले सन् १९२७ मा जर्मनीको वैल्फेन वर्गमा सर्वप्रथम किण्डर गार्टेन स्कुल खोलेका थिए । किण्डरगार्टेनको अर्थ 'बालवालिकाको वगैचा हुन्छ । उनका अनुसार बालवालिकाका अन्तर्निहित मानवीय गुणहरूको स्वच्छन्द पूर्वक विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो । किण्डरगार्टेनमा पूर्व निर्मित पाठ्यक्रमको निर्माण नगरी बालकेन्द्रित पाठ्यक्रमलाई विशेष स्थान दिएको पाइन्छ । उक्त शिक्षामा खेल, गायन तथा क्रियाकलाप शिक्षाका प्रमुख विधिहरू भएको पाइन्छ । (Shrestha, 1999)

त्यस्तै सन् १८७० मा इटलीमा जन्मिएकी मारिया मन्टेश्वरीले विश्वविद्यालयको मानसिक चिकित्सालयमा उपचार गर्दा गर्दै मानसिक दुर्बलताको कारण ज्ञानेन्द्रियको भद्धापन हो भन्ने पत्ता लगाइन । यस्ता दुर्वलताहरूबाट बच्नका लागि सानै उमेरदेखि ज्ञानेन्द्रियको उचित तालिम दिइएमा उनीहरूको वौद्धिक पक्षमा सकारात्मक विकास गर्न सकिने कुरा बताएकी छन् । सन् १९०७ मा बालगृह नामक प्रारम्भिक बालशिक्षा केन्द्र खोली मन्टेश्वरी शिक्षामा आधारित निम्न शिक्षा दिने कुरा बताएकी छन् ।

- विकासको रूपमा शिक्षा
- स्वतन्त्रताको सिद्धान्त
- व्यक्तित्वको सिद्धान्त
- मांसपेशीय तालिम
- ज्ञानेन्द्रियहरूको तालिम

आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्व प्रारम्भिक शिक्षासम्बन्धी थालनी सरकारी स्तरमा वि.सं. २००७ सालमा काठमाडौंमा एउटा मन्टेश्वरी स्कुलको स्थापनाबाट भएको पाइन्छ (Shrestha, 1999) । त्यसैगरी वि.सं. २०२० सालमा मन्टेश्वरी स्कुललाई ल्यावोरेटरी स्कुलमा गाभेपछि विद्यालय उमेर नपुगेका स-साना बालवालिकाहरूका लागि वि.सं. २०२१ सालमा शिशु कक्षाको व्यवस्था गर्न खोजेको भेटिन्छ (Rajbhandari, 2013) । त्यस्तै वि.सं. २०२२ सालदेखि बालमन्दिर स्थापना भई जिल्ला सदरमुकाममा शिशु कक्षा सम्बन्धि कक्षाहरू सञ्चालन भएको पाइन्छ । वि.सं. २०२८ सालदेखि पूर्व प्राथमिक शिक्षा नीजि क्षेत्रमा सञ्चालन गर्न पाउने स्पष्ट सरकारी नीति निर्माण गरेको पाइन्छ । (Shrestha, 1999)

नेपालमा गठित शिक्षासम्बन्धी विभिन्न समिति तथा आयोगहरूले पनि पूर्व प्राथमिक शिक्षालाई परिभाषित गर्दै सञ्चालन गर्नका लागि सुझाव प्रस्तुत गर्दै आएका छन् । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले ३ वर्ष ननाघेको बालवालिकाहरूलाई प्रत्येक टोल र गाउँमा १/१ वटा मनोरञ्जन तथा खेलकुदको व्यवस्था भएका बाल उद्यान स्थापना गरी पूर्व प्रांथमिक विद्यालयको व्यवस्थापन गर्नुपर्ने सुझाव पेश गरेको थियो (शर्मा, २०५९) । त्यस्तै शिक्षा ऐन २०२८ ले पनि ३ वर्ष उमेर पुगेका तर ५ वर्ष पूरा नगरेका बालवालिकालाई दिइने शिक्षा नै पूर्व प्राथमिक शिक्षा हो भनी परिभाषित गरेको पाइन्छ । त्यस्तै शिक्षा नियमावली २०४९ ले ४ वर्ष पुगेका बालवालिकाको चौतर्फी विकासलाई ध्यानमा राखी १ वर्षको पूर्व प्राथमिक शिक्षाको व्यवस्थापन गर्नुपर्ने कुरामा जोड दिएको छ । उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले १ वर्षे पूर्व प्राथमिक शिक्षा हुनुपर्ने भनी निम्न कुरा सिफारिस गरेको छ ।

- पूर्व प्राथमिक शिक्षालाई शैक्षिक संरचनामा ल्याउनुपर्ने
- एक वर्षे पूर्व प्राथमिक शिक्षालाई व्यवस्थापन गर्ने ।
- शिशुको उमेर अनुकुल शिक्षा प्रदान गर्ने ।

त्यस्तै २०५८ सालमा बनेको कार्यसमितिको सिफारिस निम्नानुसार छ :

- शिशु विकास कार्यक्रम २ वर्षको हुनेछ ।
- त्यसको सञ्चालन र रेखदेख गा.वि.स./न.पा.बाट हुनेछ (शर्मा, २०५९) ।

बालविकाससम्बन्धी नीति तथा कार्यक्रम सर्वप्रथम सातौ पञ्चवर्षिय योजनाबाट समावेश गर्न थालियो (Shrestha, 1999) । त्यसपछिका प्रत्येक पञ्चवर्षिय योजनामा बालविकाससम्बन्धी नीतिलाई प्राथमिकताका साथ उल्लेख गरेको पाइन्छ । विभिन्न मनोवैज्ञानिकहरूले २-६ वर्षसम्मको उमेरलाई प्रारम्भिक बाल्यावस्था भनेका छन् । यो उमेर समूहका बालवालिकाको शारीरिक, मानसिक, सामाजिक, भाषिक, संवेगात्मक र क्रियात्मक विकास तीव्र रूपमा हुन्छ । यो अवस्थाका बालवालिकालाइ यी विविध पक्षमा जति प्रभावकारी वातावरण प्रदान गर्यो त्यति नै विकास अगाडि बढ्छ ।

हालको समयमा बालविकास केन्द्रमा लागु भइराखेको प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ शिक्षा विभागले तयार पारेको हो । उक्त पाठ्यक्रमको भूमिकामा नै भनिएको छ - “प्रारम्भिक बाल्यावस्थाले बालवालिकाको भावी जीवनमा महत्त्वपूर्ण प्रभाव पार्दछ । गर्भदेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बाल्यावस्थामा लिइने हुँदा यस उमेरका बालवालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र देशलाई आवश्यक पर्ने जनशक्ति परिपूर्ति सम्भव हुन्छ । यसका लागि प्रारमिभक बालविकास पाठ्यक्रमको प्रमुख भूमिका रहन्छ” (शिक्षा विभाग, २०६२) ।

शिक्षा विभागको प्रारम्भिक बालविकास शाखाले बालविकासका लागि पाठ्यक्रम निर्माण गरी देशभरका बालविकास केन्द्रमा लागु गर्ने भने पनि विभिन्न स्तरबाट सञ्चालित कार्यक्रममा आफ्नै ढङ्गले पाठ्यक्रम कार्यान्वयन गरिरहेको अवस्था छ । प्रत्येक केन्द्रमा एकजना महिला सहयोगी कार्यकर्ता हुनुपर्ने र समय समयमा पूर्नताजकी तालिम दिने व्यवस्था सरकारले गरेको देखिन्छ । सुरुका दिनमा सहयोगी कार्यकर्ताहरूको शैक्षिक योग्यता ८ कक्षा पास निर्धारण गरिएकोमा पछिल्लो समयमा आएर १० कक्षा पास हुनुपर्ने व्यवस्था गरेको छ । बालविकास कार्यक्रममा सरकारले सुरुमा स्थापनाका लागि रु. २०००, शैक्षिक सामग्रीका लागि वार्षिक रु १००० र सहयोगी कार्यकर्ताका लागि वार्षिक रु २४,००० उपलब्ध गराउँदछ र अन्य आर्थिक तथा भौतिक सुविधाको व्यवस्था समुदायबाट नै गरिनपर्ने नीति सरकारले लिएको छ ।

प्रारम्भिक बालविकास पाठ्यक्रम कार्यान्वयनको सैद्धान्तिक पक्ष भनेको क्रियाकलापमा आधारित सिकाइ हो । यस उमेरका बालवालिकाको खेलमा अत्याधिक रुची राख्ने उमेर भएकाले विभिन्न प्रकारका खेलको माध्यमबाट उनीहरूको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासमा जोड दिनु हो । शारीरिक, मानसिक, संवेगात्मक र नैतिक विकासलाई समेटेर पाठ्यक्रम निर्माण गरिएको छ । पाठ्यक्रमले राखेका यी उद्देश्यलाई कार्यान्वयनमा ल्याउने भूमिका प्रमुख रूपमा सहयोगी कार्यकर्ताको हो । पाठ्यक्रम सैद्धान्तिक रूपमा जतिसुकै राम्रो भए पनि त्यसलाई कार्यान्वयनको तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएन भने पाठ्क्रमले राखेका अपेक्षित लक्ष्य तथा उद्देश्यहरू हासिल हुन सक्दैनन् । पाठ्यक्रम कार्यान्वयनमा जिम्मेवार सहयोगी कार्यकर्ता हो ।

प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ लाई कार्यान्वयन गर्नका लागि एक दैनिक कार्य तालिका निर्माण गरेको छ । जो यस प्रकार छ :

| **क्र.सं.** | **क्षेत्र** | **३ वर्षका लागि** | **४ वर्षका लागि** |
|---|---|---|---|
| १ | स्वास्थ्य सम्बन्धी बानी, नैतिक मूल्य र मान्यता एवम् जीवनोपयोगी सीप र विकास | ३० मिनेट | ३० मिनेट |
| २ | स्वतन्त्र खेल | ६० मिनेट | ४५ मिनेट |
| ३ | भाषिक अभिव्यक्ति | ४५ मिनेट | ६० मिनेट |
| ४ | योजनाबद्ध सामाजिक क्रियाकलाप | ३० मिनेट | ४५ मिनेट |
| ५ | स्थुल शारीरिक विकास | ४५ मिनेट | ३० मिनेट |
| ६ | योजनाबद्ध सिकाइ क्रियाकलाप | ३० मिनेट | ६० मिनेट |

स्रोत : शिक्षा विभाग, २०६२

यसरी हाल सञ्चालित बालविकास केन्द्रहरूमा अध्यापनरत सहयोगी कार्यकर्ताहरूले पाठ्यक्रममा उल्लेख भए अनुसारका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्नका लागि तालिमबाट प्राप्त

ज्ञान, सीपको प्रयोग गरेका छन् की छैनन्, पाठ्यक्रमले निर्धारण गरेको दैनिक कार्यतालिका निर्माण गरेर कार्यान्वयनमा ल्याएका छन् की छैनन, शिक्षण विधिको प्रयोगको अवस्था, शैक्षणिक सामाग्रीको निर्माण र प्रयोग, सिकाइ वातावरण र विद्यार्थी मूल्याङ्कनको अवस्था र सहयोगी कार्यकर्ताको दक्षतालाई प्रमुख आधार मानेर अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

सरकारले सन् २०१५ सम्म 'सबैका लागि शिक्षा' अभियानमा हस्ताक्षर गरेको छ । त्यसै अनुरूप बालविकास केन्द्रको स्थापना गरी सञ्चालन गरिएका छन् । तथ्याङ्क अनुसार देशभरमा ७४ हजार बालविकास केन्द्र विस्तार गर्ने लक्ष्य अनुसार अहिले सम्म ३३४०४ बालविकास केन्द्र विस्तार भई सञ्चालित छन् । (Flash Report 2011/12) तर ती केन्द्रमा आवश्यक पूर्वाधार, बालवालिका केन्द्रित दक्षजनशक्ति र स्रोत साधनहरू उपलब्ध छैनन् ।

सेभ द चिल्ड्रेन, युनेस्को र युनिसेफ जस्ता दातृ निकायको सहयोगमा २१ जिल्लामा सञ्चालित बाल विकास केन्द्रको अनुगमन प्रतिवेदनले अधिकांश केन्द्रको अवस्था नाजुक रहेको देखाएको छ (Ghimire, 2013) ।

यसरी एकातिर बालविकास केन्द्र र बालवालिकाको संख्या बढ्दै गएको छ भने अर्को तिर सहयोगी कार्यकर्ताले पेशागत भूमिका निभाउन नसकेको भनाइ आइरहेको छ । शिक्षा विभागले पाठ्यक्रम तयार पारेको छ तर केन्द्रहरूमा आफू खुशी गरेको पाइन्छ । बालवालिकालाई प्राथमिक विद्यालय प्रवेशको प्रमुख लक्ष्य साथ बालविकास केन्द्र सञ्चालित छन् । बालविकास केन्द्रको स्थापनाको सैद्धान्तिक पक्ष भनेको किण्डरगार्डेन विधि, मन्टेश्वरी विधि र क्रियाकलापमा आधारित विधिलाई प्रमुख आधार मानेर बनाइएको पाठ्यक्रम कार्यान्वयन गर्ने प्रमुख व्यक्ति सहयोगी कार्यकर्ता हुन् । सहयोगी कार्यकर्ताको क्षमता र उपयुक्त सीप विना यी कुरा सम्भव हुँदैन । तसर्थ के ती सहयोगी कार्यकर्ता माथि उल्लेति विधिहरूसँग परिचित छन् र पाठ्यक्रमले निर्देशित गरे बमोजिमका क्रियाकलापहरू सञ्चालन गरेका छन् त भन्ने कुरा अध्ययन गर्नु आवश्यक ठानिएको छ ।

त्यसैले सहयोगी कार्यकर्ताको पाठ्यक्रम कार्यान्वयनमा ज्ञान एवम् दक्षताको अवस्था कस्तो छ, त्यसै गरी पाठ्यक्रम कार्यान्वयनसम्बन्धी अभिभावक, व्यवस्थापन समितिको धारणा र पाठ्यक्रम कार्यान्वयनको अवस्था थाहा पाउन पनि त्यत्तिकै आवश्यक छ । त्यसैले यी कुरा थाहा पाउन बालविकास केन्द्रको शैक्षणिक अवस्था शीर्षकमा यो अध्ययन गरिएको छ ।

### १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका थिए :

(क) बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको विषयवस्तुसम्बन्धी ज्ञान एवम् दक्षताको अवस्था पहिचान गर्ने ।

(ख) बालविकास केन्द्रमा पाठयक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने

(ग) पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षता सम्बन्धमा सरोकारबाला पक्षको धारणा पहिचान गर्ने ।

### १.४ अनुसन्धान प्रश्नहरू

यस अध्ययनका अनुसन्धान प्रश्नहरू निम्नानुसार रहेका थिए :

(क) बालविकास केन्द्रमा अध्यापनरत सहयोगी कार्यकर्ताहरूको पाठ्यक्रम र यसका विषयवस्तु सम्बन्धी ज्ञानको अवस्था के छ ?

(ख) के दश कक्षा पास सम्मको अध्ययन र ९० घण्टाको आधारभूत तालिमले सहयोगी कार्यकर्तालाई बालविकास पाठ्यक्रम कार्यान्वयनका लागि प्रयाप्त ज्ञान र दक्षता प्रदान गरेको छ ?

(ग) बालविकास केन्द्रहरूमा पाठ्यक्रम कार्यान्वयन कसरी भइरहेको छ ?

(घ) सहयोगी कार्यकर्ताले पाठ्यक्रममा उल्लेख गरे अनुसार कक्षाकोठाको व्यवस्थापन, दैनिक कार्य तालिकाको निर्माण र मूल्याङ्कन प्रणालीको अवलम्वन कसरी गरेका छन् ?

(ङ) बालविकास केन्द्रसँग सम्बन्धित सरोकारबालाहरूको सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षताको सम्बन्धमा धारणा के कस्तो रहेको छ ?

### १.५ अध्ययनको महत्त्व

यो अध्ययन बालविकास केन्द्रको शैक्षणिक अवस्थासँग सम्बन्धित छ । यो अध्ययनमा मुख्य गरी तिन वटा उद्देश्यहरू राखिएको थियो जसमा बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको विषयवस्तुसम्बन्धी ज्ञान एवम् दक्षताको पहिचान गर्ने र पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षता सम्बन्धमा सरोकारबालाको धारणा पहिचान गर्ने छन् । यस अध्यनमा बालविकास केन्द्रमा अध्यापनरत सहयोगी कार्यकर्ताहरूको पाठ्यक्रम सम्बन्धी ज्ञानको अवस्था कस्तो छ ? S.L.C. सम्मको अध्ययन र ९० घण्टाको आधारभुत तालिमले पाठ्यक्रम कार्यान्वनयका लागि पर्याप्त ज्ञान र दक्षता दिएको छ ? बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वनय कसरी भइरहेको छ ? सहयोगी कार्यकर्ताले पाठ्यक्रममा उल्लेख गरेअनुसार कक्षाकोठाको व्यवस्थापन, दैनिक कार्यतालिकाको निर्माण र मूल्याङ्कन प्रणालीको अवलम्वन कसरी गरेका दछन ? बालविकास केन्द्रसँग सम्बन्धित सरोकारबालाको सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षताको सम्बन्धमा धारणा कस्तो छ ? भन्ने प्रश्नहरूको उत्तर यो अध्ययनमार्फत

खोजिएको छ । त्यसैले यो अध्ययनको निष्कर्षले बालविकासका लागि उपयुक्त शैक्षिक कार्यक्रम तयार गर्न सम्बन्धित निकायलाई आधार प्रदान गर्न सक्छ । यसका अतिरिक्त बालविकास केन्द्रको आवश्यक मात्रामा अनुगमन गर्न पाठ्यक्रम लागु गराउन र सहयोगी कार्यकर्ताको दक्षता अभिवृद्धि गर्ने कार्यक्रम ल्याउन सम्बन्धित निकायलाई सघाउ पुर्‍याउन सक्दछ ।

## १.६ अध्ययनका सीमाङ्कन

यो अध्ययनलाई निम्न क्षेत्रमा सीमित गरिएको थियो :

(क) यो अध्ययन प्युठान जिल्लाको खुङ्ग गा.वि.स.मा सञ्चालित बालविकास केन्द्रमा सीमित गरिएको थियो ।

(ख) नमूना छनौट गर्दा उद्देश्यमूलक र सुविधाजनक विधि मात्र अपनाइएको थियो ।

(ग) उपलब्धी परीक्षण, अवलोकन फारम र अन्तर्वार्ता सूचीलाई तथ्याङ्क संकलनको साधनका रूपमा प्रयोग गरिएको थियो ।

(घ) तथ्याङ्क विश्लेषण मिश्रित ढाँचामा गरिएको छ ।

## १.७ शब्दावलीको परिभाषा

बालविकास केन्द्र : ३-४ वर्ष उमेर समूहका बालवालिकालाई प्राथमिक तहमा भर्ना हुनुभन्दा अगाडी सञ्चालित दुई वर्षे कार्यक्रम सञ्चालन गर्ने ठाउँ ।

शैक्षणिक अवस्था : अनुसन्धान कर्ताले निर्माण गरी प्रयोग गरेका उपलब्धी परीक्षण, अवलोकन फारम र अन्तर्वार्ता सूचीबाट प्राप्त गरेका ज्ञानको स्तर ।

सहयोगी कार्यकर्ता : बालविकास केन्द्रमा कार्यरत महिला शिक्षिका जसले १० कक्षा पास र ९० घण्टाको आधारभूत तालिम लिएका हुन्छन् ।

पाठ्यक्रम कार्यान्वयनको अवस्था : शिक्षा विभागको प्रारम्भिक बालविकास शाखाले वि.सं. २०६२ मा तयार पारेको पाठ्यक्रममा उल्लेखित सैद्धान्तिक पक्षलाई व्यवहारिक रूपमा कक्षाकोठामा दैनिक प्रयोगको अवस्था ।

ज्ञानको अवस्था : बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले प्राप्त गरेको विभिन्न तालिम, शैक्षिक योग्यता, पाठ्यक्रम, निर्देशिका, स्रोतसामग्री र सामाजिक परिवेशबाट प्राप्त सैद्धान्तिक ज्ञानको मात्रा ।

कार्यदक्षताको अवस्था : सहयोगी कार्यकर्ताले विभिन्न माध्यमबाट प्राप्त गरेको सैद्धान्तिक ज्ञान अनुरूप बाल विकास केन्द्रमा, बालवालिकाहरूसँग दैनिक रूपमा गर्ने व्यवहारिक क्रियाकलापको अवस्था

# अध्याय दुई
# साहित्यको पुनरावलोकन

प्रारम्भिक बालशिक्षालाई आधुनिक स्वरूप प्रदान गर्न केही शिक्षाविद्हरूले महत्त्वपूर्ण भूमिका निभाएका छन् । तिनीहरूमध्ये जीन ज्याक्स रुसो, फ्रोवेल, मन्टेश्वरी र प्याजेलाई प्रारम्भिक बाल्यावस्थाको शिक्षासम्बन्धी विकासको सैद्धान्तिक पक्षका अग्रदुतका रूपमा लिइन्छ । यस खण्डमा उनीहरूद्वारा प्रतिपादित सिद्धान्त बारे बयान गरिएको छ ।

## २.१ पूर्व बाल्यावस्थाको शिक्षाको सैद्धान्तिक पक्ष

सन् १८७० मा इटलीमा जन्मिएको मारिया मन्टेश्वरीले विश्वविद्यालयको मानसिक चिकित्सालयमा दुर्वल मासिक स्थिति भएका बालवालिकाहरूको उपचार गर्दागर्दै मानसिक दुर्वलताको कारण ज्ञानेन्द्रियको भद्धापन हो भन्ने पत्ता लगाएकी थिइन । यस्ता दुर्वल मासिक स्थितिका बालवालिकाहरूलाई नै सानै उमेरदेखि ज्ञानेन्द्रियहरूको उचित तालिम दिएमा उनीहरूको बौद्धिक पक्षमा सकारात्मक विकास गर्न सकिने अवधारणा अनुसार उनले १९०७ मा 'बालगृह' नामक प्रारम्भिक बालशिक्षा केन्द्र खोलिन । उक्त मण्टेश्वरी शिक्षा पद्धतिको प्रमुख सिद्धान्त "Sense Training" हो । यस शिक्षा पद्धतिको आधारभूत सिद्धान्तहरू निम्नानुसार छन् :

- मांसपेशीय प्रशिक्षण
- व्यक्तित्व विकासको सिद्धान्त
- स्वतन्त्रताको सिद्धान्त
- स्वशिक्षाको सिद्धान्त
- इन्द्रिय प्रशिक्षणको सिद्धान्त
- शिक्षकको रूपमा उनको निर्देशि सिद्धान्त (Shrestha, 1999)।

मन्टेश्वरीले शिक्षण पद्धतिलाई तीन भागमा बाडेकी छिन् :

- क्रियात्मक शिक्षा
- इन्द्रियहरू सम्बन्धी शिक्षा
- भाषा र अंकसम्बन्धी शिक्षा

मन्टेश्वरी प्रणाली अनुसार ३ वर्षदेखि ७ वर्षसम्मका बालवालिकाहरूको प्रत्येक उमेर समूहका लागि फरक फरक पाठ्यक्रमको सिफारिस गरिएको छ । र भनिएको छ :

"पाठयक्रम बालकको रुचि, क्षमता एवम् आवश्यकता अनुसारको हुनुपर्दछ । पाठ्यक्रम ज्ञान प्रदान नभई कार्य प्रधान हुनु पर्दछ जसले इन्द्रियलाई फुर्तिलो बनाई व्यवहारिक ज्ञान दिन्छ ।"

रुसो (१७२८) का अनुसार पहिलो ५ वर्षको उमेरमा शिशुहरूलाई किताबी ज्ञानले उनीहरूको स्वच्छ विचारलाई दूषित पार्दछ । उनका अनुसार शिक्षकले बालवालिकालाई निम्नानुसार शिक्षा दिनु पर्छ :

- शिशुलाई माया गर्ने,
- स्वतन्त्रतापूर्वक सिक्ने कार्यमा सहयोग गर्ने,
- किताबी ज्ञान नदिने,
- प्राकृतिक वातावरणमा शिक्षा दिने,
- ज्ञानेन्द्रियहरूको स्वभाविक विकास गराउने,
- कुट्न, पिट्ने र गालि गर्ने जस्ता सजाय नदिने
- शिशुलाई अवलोकन तथा क्रियाकलापका माध्यमबाट सिक्न लगाउने (Joshi, 2055)।

फ्रोवेलको विचारअनुसार बालकको शिक्षा शैशवकालमा नै सुरु हुन्छ । जसले गर्दा विद्यालय प्रवेश गर्ने बेला राम्रा विद्यार्थीको रूपमा प्रवेश हुन सकोस् । जुन बालकले शिशु शिक्षा प्राप्त गरेको हुँदैन त्यस्ता बालवालिकाहरू विद्यालयमा भर्ना हुँदैनन् वा भए पनि राम्रो हुने आशा कम मात्रामा रहन्छ भन्ने मान्यता राख्दछन् । आधुनिक समयमा चलिरहेको शिक्षा पद्धतिमा समेत ठूलो प्रभाव पारिरहेको फ्रोवेलको शिक्षा पद्धतिका सिद्धान्तहरू यस प्रकार छन् ।

- गरेर सिक्ने शिक्षा
- खेलका माध्यमबाट शिक्षा
- स्वतन्त्रताको लागि शिक्षा
- सहयोगीका रूपमा शिक्षा
- सामूहिक जीवन पद्धतिका रूपमा शिक्षा
- बालकको स्वभाव अनुसारको शिक्षा
- सातवटा उपहारको माध्यमबाट शिक्षा (Shrestha, 1999)

फ्रोवेलले सन् १९२७ मा जर्मनीको वैल्फेन वर्गमा सर्वप्रथम किण्डरगार्डेन स्कुल खोलेका थिए । किण्डरगार्डेनको अर्थ “बालवालिकाको वगैचा” हुन्छ । किण्डरगार्डेनको उद्देश्यहरू :

- बालवालिकाको स्वभाव अनुसार कार्य गर्न दिनु,
- बालवालिकाको शरीरलाई शक्ति प्रदान गर्नु,
- बालवालिकाको ज्ञानेन्द्रियहरूलाई व्यवहारमा ल्याउनु,
- बालवालिकाको मस्तिष्कलाई जागृत गराउनु
- प्रकृति तथा अन्य प्राणीको तादम्य स्थापना गर्नु,
- एकतावद्ध नेतृत्व दिनु,

- गरेर सिक्नु, सिकाउनु भनेको आत्म क्रियाकलापबाट शिक्षा प्राप्त गर्नु हो (Joshi, 2044)।

Hurlock ले Day Care Center र Preschool लाई प्रारम्भिक बाल्यावस्थाको विकाससँग सम्बन्धित गरेकी छिन् । बालविकास केन्द्र भनेको बालवालिकाको दोस्रो घर हो भन्ने धारणा व्यक्त गरेकी छिन् (Joshi, 2044) ।

### २.२ पूर्व बाल्यावस्थाको विकास सम्बन्धी नीतिहरू

नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमले महत्त्वपूर्ण उपलब्धी हासिल गरेको मानिएको छ । यसका लागि स्थानीय तहको उत्सुकता तथा सहयोग महत्त्वपूर्ण रहेको छ । विद्यालय तथा समुदाय दुवैमा यस कार्यक्रमको विस्तारका लागि विद्यालय, समुदाय, स्थानीय सरकार, गौसस र समुदायमा आधारित संस्था तथा निजी क्षेत्रबाट प्राप्त संस्थागत सहयोगले महत्त्वपूर्ण भूमिका खेलेको छ । बालविकास कार्यक्रमलाई विस्तार गर्ने लक्ष्य हासिल गर्न विद्यालय तथा समुदायमा गुणस्तरिय बालविकास केन्द्रहरू स्थापना गर्ने तर्फ प्रयास भइरहेको छ ।

त्यसै अनुरूप सबैका लागि शिक्षा (२००१-२०१५) त्रि-वर्षिय योजना (२०६७-२०७०), विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२), सहस्राब्दी विकास लक्ष्य र नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीति पत्र २०६१ ले नीति तथा रणनीतिहरू तर्जुमा गरेका छन् जसलाई यहाँ उल्लेख गरिएको छ ।

विद्यालय क्षेत्र सुधार योजना २०६६-७२ मा प्रारम्भिक बालशिक्षा तथा विकास सम्बन्धी लक्ष्य, उद्देश्य तथा नीतिहरू यसरी उल्लेख गरिएको छ ।

लक्ष्य : आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालवालिकाको चौतर्फी विकास गर्नु ।

उद्देश्य : चार वर्ष उमेरका बालवालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालविकास सेवामा पहुँच पुऱ्याउने ।

**नीतिहरू**

- चार वर्ष उमेरका बालवालिकाका लागि सरकारले एक वर्षको प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लागि खर्च वेहोर्ने छ । तर तोकिएको भन्दा कम उमेरका बालवालिकाका लागि समुदायले आफ्नै स्रोत परिचालन गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- गुणस्तर सुधारलाई प्रमुख रूपमा केन्द्रित गरी माग र आपूर्तिबीच सामजस्य कायम गरी प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम विस्तार गरिनेछ ।

- अल्पसंख्यक, जनजाति, महिला, मधेशी, सीमान्तकृत समूह, दलित जस्ता पिछडिएको जनसंख्या बस्ने स्थानको पहिचान गरिने छ र प्रारमिभक बालशिक्षा तथा विकास कार्यक्रममा उनीहरूको पहुँचलाई प्राथमिकता दिने कुरा सुनिश्चित गरिनेछ (विद्यालय क्षेत्र सुधार योजना २०६६-७२) ।

त्यसैगरी नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीतिक पत्र २०६१ ले पनि निम्नलिखित रणनीति निर्धारण गरेको छ :

- समष्टिगत दृष्टिकोणले बालवालिकाहरूको सर्वाङ्गीण विकास गर्ने,
- स्थानीय निकाय, सरकारी कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस, समुदायमा आधारित संस्थाहरू समेतसँगको सहयोगमा प्राम्भिक बाल विकास क्रियाकलापको योजना निर्माण, कार्यक्रम तयारी र कार्यान्वयनको व्यवस्था मिलाउने ।
- जोखिममा परेका र सुविधा विहिन बालवालिकाहरूको सेवामा विशेष जोड दिँदै समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्रहरू विस्तार गर्ने ।
- सबैका लागि उपयुक्त हुनसक्ने साझा प्रारम्भिक बालविकासको पाठ्यक्रम ढाँचाभित्र नीजि क्षेत्रबाट सञ्चालित पूर्व प्राथमिक कक्षाहरूलाई समाहित गर्ने ।
- गुणस्तर सुधारका लागि बालविकास कार्यक्रममा संलग्न कर्मचारीहरू र विभिन्न तहका कार्यकर्ताहरूको क्षमता अभिवृद्धि गर्ने ।
- कार्यक्रमको अनुगमन र सुपरिवेक्षण प्रणालीलाई सुदृढ गर्ने ।

यसैगरी सबैका लागि शिक्षा (२००१-२०१५) ले पनि प्रारम्भिक बालविकासका लागि निम्न लक्ष्य र नीतिहरू तय गरेको छ :

लक्ष्य : पूर्वबाल्यावस्थाको हेरविचार र विकासको वृहत सुधार र विस्तार विशेष गरी एकदमै जोखिममा परेका र सुविधा विहिन बालवालिकाका लागि गर्ने ।

नीति : समुदायमा आधारित पूर्व बाल्यावस्था विकास केन्द्रहरू सञ्चालन गर्ने ।

- गैह्र सरकारी संस्थाहरू, समुदायमा आधारित सस्थाहरू र स्थानीय निकायहरूको सहभागिता बढाउने ।
- समुदायमा आधारित पूर्व बाल्यावस्था विकास केन्द्रको विस्तार गर्ने (EFA Plan, 2001-2015)

माथि उल्लेखित सैद्धान्तिक अवधारणाको जगमा उभिएर बालविकास पूनर्ताजगी तालिम पुस्तिका २०५९ ले सहयोगी कार्यकर्ताको भूमिका यसप्रकार निर्धारण गरेको छ ।

- प्रत्येक बालवालिकाको रुची, उमेर र क्षमता आदिको जानकारी राख्ने ।
- बालवालिकामा रहेको प्रतिभा खोज्ने प्रयास गर्ने ।

- बालवालिकाको विकास प्रक्रियामा बढि ध्यान केन्द्रिय तगर्ने ।
- अभिभावकहरूसँग सधैं सुमधुर सम्बन्ध कायम गर्ने ।
- स्थानीय समुदायका स्रोतको अधिकतम परिचालन गर्ने ।
- दैनिक क्रियाकलाप बनाई सो को राम्ररी पालना गर्ने ।
- बालवालिकाको मासिक प्रगति प्रतिवेदन तयार गरी अभिभावकलाई जानकारी दिने ।

त्यसैगरी नेपालमा कार्यरत अन्तर्राष्ट्रिय संघसंस्थाहरूले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमलाई प्राथमिकताका साथ एउटा प्रमुख रणनीतिक कार्यक्रमका रूपमा सहयोग गरेका छन् । यस्ता सहयोग कार्यक्रम अन्तर्गत नेपालको स्थानीय सन्दर्भमा उपयुक्त हुने गरी मानवीय स्रोत विकासदेखि कार्यक्रमको लागत प्रभावकारी नमुना विकास सम्मका विविध कार्यक्रमहरू पर्दछन् । प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको कार्यान्वयनबाट हासिल गरिएका यस कार्यक्रमलाई विस्तार गर्ने, सेबालाई सीमानतकृत वर्गको पहुँचमा ल्याउन रणनीति विकास गर्ने तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा मार्ग प्रशस्त गरेका छन् ।

## २.३ सम्बन्धित अध्ययनको पुनरावलोकन

यस अध्यायमा अनुसन्धान शीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, जर्नल, अनुसन्धान प्रतिवेदन लगायत अन्य अप्रकाशित अभिलेखहरूको पुनरावलोकन गरिएको थियो । यो शोधप्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिएका अभिलेखलाई यहाँ प्रस्तुत गरिएको । कुनै पनि अनुसन्धान कार्य थाल्नु अगाडि त्यस क्षेत्रमा विगतमा के कस्ता खोज तथा अनुसन्धान भएका छन् भन्ने कुरा अध्ययन गर्नु आवश्यक हुन्छ । जसबाट सम्बन्धित क्षेत्रमा अनुसन्धान गरिएका विषय, क्षेत्र र नगरिएको क्षेत्र बीचको दुरी पहिचान गर्न सहयोग गर्नका साथै विगतमा गरिसकेका अनुसन्धान दोहोरिने स्थिति आउन नदिन सहयोग गर्दछ ।

राजभण्डारी (२०१३) ले बालविकास केन्द्रको अवस्था, मुद्दा तथा चुनौतिहरू खोजी गर्ने उद्देश्य लिएर अध्ययन गरेका थिए । यो अध्ययनमा २१ वटा जिल्लामा रहेका १९२५ वटा ECD/PPC centers लाई यो सर्वेक्षणले randomly select गरेको थियो । ECD हरूमा National Minimum Standard का ८ वटा क्षेत्रहरू मध्ये मानव संशाधन सबैभन्दा कमजोर पाइएको थियो । दस्तावेज विश्लेषणको क्षेत्र पनि कमजोर पाइयो । दस्तावेज व्यवस्थापन सम्बन्धी अभ्यासमा केन्द्रका प्रशासनिक तथा आर्थिक क्रियाकलाप कमजोर रहेको देखाएको छ । ECD केन्द्रहरूमा सामग्रीहरू अपर्याप्त, भएको पनि पुराना र प्रयोगमा नभएको देखाएको छ । नीति निर्माणमा अस्पष्टता, न्यून मापदण्ड भएका समुदायमा आधारित ECD, पाठ्यक्रम, शिक्षण पद्धति र सिकाई स्रोतहरूमा नियन्त्रण, ECD सम्बन्धी ज्ञान, सीप र धारणा तथा ECD सहजकर्ता र व्यवस्थापन समितिको प्रतिवद्धता, गुणस्तरीय ECD बनाउनका लागि अभिभावकहरूको संलग्नता, स्रोत साधनको परिचालन तथा व्यवस्थापन, ECD सहजकर्ताको मान्यता, परिचय र पारिश्रमिक,

उत्तरदायित्व, अधिकार र मूल्याङ्कन पद्धति तथा आन्तरिक मन्त्रालय, क्षेत्रगत समन्वय र स्रोतको प्रतिलिपिकरण जस्ता मुद्दा तथा चुनौतीहरू अध्ययनले देखाएको छ। (ECD Journal, 2013)

राजभण्डारी (2013) ले ECD को परिमाणात्मकका विरुद्ध गुणात्मक वर्तमान अवस्थाको समालोचनात्मक अध्ययन गर्नुका साथै नीति निर्माणकर्ता, योजनाकारहरू र कार्यान्वयन कार्यकर्ताहरूको ध्यानाकर्षण गराउनु र कार्यान्वयन गराउनु तथा ECD Center को तीव्र वृद्धि र गुणस्तरीयताका मुद्दाहरू प्रति ध्यानाकर्षण गराउने उद्देश्यले अनुसन्धान भएको थियो । यो अध्ययन विशेष गरी ECD Center ले उपलब्ध गराएको ३-५ वर्षका बालवालिकाहरूको विद्यमान बालशिक्षा विकासको क्रियाकलापमा केन्द्रित छ। यो अध्ययन ६ वटा जिल्लामा गरिएको थियो । सम्पूर्णको ६६% ECD Center सन्तोषजनक भएको देखाएको छ । दक्ष सहजकर्ता, सामग्रीहरू, क्रियाकलापहरू सञ्चालन गर्न छुट्टै कोठा र खेल तथा सिकाई सामग्रीको उपलब्धता देखाएको छ। १२ वटा ECD Center हरूमा First Aid प्रयोग नगरेको देखाएको छ। School Based PPC मा सुपरिवेक्षण र स्रोत व्यक्तिहरूद्वारा नियमित अनुगमन गरेको तर समुदायमा आधारित ECD Center मा यो कार्य नभएको देखाएको छ। यो अध्ययनले विद्यालयमा आधारित PPC हरूको तीव्र रूपमा वृद्धि भएको तर समुदायमा आधारित ECD हरूको घट्दो क्रम भएको देखाएको छ । यो अनुसन्धानले १०% ECD Center सम्बन्धित क्षेत्रमा नभएको तर रेकर्डमा भएको देखाएको छ। १७% ECD कक्षा १ र २ सँग मिसाइएको र १०% सहजकर्ताले कहिले पनि कुनै पनि तालिम नलिएको देखाएको छ । बाँके जिल्लामा १८% बालबालिका तीन वर्ष मुनिका र १७% ५-६ वर्षका भएको देखाएको छ। यो अध्ययनले नेपालमा ECD Center तीव्र रूपमा वृद्धि भएको, समुदायमा सहभागिता, निरन्तर सुपरिवेक्षण, सहजकर्ताका लागि तालिम र प्राविधिक सहयोगहरू साह्रै न्यून रहेको देखाएको छ। (ECD Journal, 2013)

श्रेष्ठ (२००१) ले प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी भएका र नभएका बालवालिकाहरूको तुलनात्मक अध्ययन गर्नु भएको थियो । यो अध्ययन विशेषत : ज्ञानात्मक पक्षको प्राप्तीसँग सम्बन्धित रहेको छ। उक्त अध्ययनमा सिन्धुपाल्चोक, धादिङ्ग रसुवा र काठमाडौं जिल्लालाई अध्ययनको क्षेत्रमा केन्द्रित गरेको पाइन्छ । उक्त अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी भएर प्राथमिक तहमा आउने बालवालिकाहरूको संज्ञानात्मक क्षमता बढी भएको, अतिरिक्त क्रियाकलापमा बढी सहभागी भएको, विद्यालय नियमित आउने र विद्यालय छाड्ने प्रवृत्ति कम भएको देखिएको निष्कर्ष निकालेको छ (कट्टेल, २०६५)।

युनिसेफ (२००३) ले सिराहा जिल्लालाई छनौट गरी बालविकास कार्यक्रमबाट के असर पायो भन्ने प्रश्न लिएर गरेको अध्ययनबाट बालविकास कार्यक्रमको प्रभाव राम्रो रहेको र सञ्चालन गर्नुपर्ने सुझाव दिएको छ । उक्त अध्ययनले जातिगत भेदभावलाई हटाउन सहयोग गरेको र त्यसै फलस्वरूप १९% बालवालिका भर्ना भएको तथ्यलाई उल्लेख गरेको छ (कट्टेल, २०६५)।


CERID ले “प्रारम्भिक बालविकास केन्द्रमा बालवालिकाको लागि सिकाइको व्यवस्था” मा गरेको अध्ययनमा बालविकास केन्द्रमा सहभागी बालवालिकालाई निम्न कुरा सिकाउने उल्लेख छ :

- पूर्व लेखाइको तह सिकाउने
- अक्षर लेख्ने तरिका सिकाउन
- सरल शब्द रचना गर्न सिकाउने
- ०-५० सम्म अङ्क चिनाउने ।

माथि उल्लेख गरिएका साहित्यहरूको माध्यमबाट बालविकास केन्द्रको महत्त्व र विषयवस्तु सम्बन्धी केही खोज भएता पनि शिक्षा विभागले तोकेको पाठ्यक्रम कार्यान्वयनको अवस्था र सहजकर्ताको दक्षताको भूमिकासम्बन्धी अगाडिका अध्ययनहरूले ध्यान दिएको पाइदैन । तसर्थ यो अध्ययन यी कुराहरूको खोजी गर्नमा केन्दित थियो (कट्टेल, २०६५) ।

## २.३ अध्ययनको अवधारणात्मक ढाँचा

बालविकास केन्द्रमा शिक्षणको अवस्थालाई प्रभाव पार्ने तत्वहरू सम्बन्धि अवधारणात्मक ढाँचा निम्नानुसार बनाइएको थियो ।



# अध्याय तीन
# अध्ययन विधि

अध्ययन विधिमा विशेषतः तथ्याङ्कका स्रोतहरू, अनुसन्धान ढाँचा, अध्ययनको जनसंख्या एवम् नमुना छनोट प्रक्रिया, तथ्याङ्क संकलनका साधनहरू, वैधता निर्धारण प्रक्रिया, तथ्याङ्क एवम् विश्लेषण प्रक्रियाको वारेमा चर्चा गरिएको छ ।

## ३.१ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि प्राथमिक र सहायक दुवै स्रोतहरूलाई उपयोग गरिएको थियो । उपलब्धी परीक्षण, गहन अन्तर्वार्ता, सूची, अवलोकन फारम संकलन गरिएका सूचनालाई प्राथमिक र विभिन्न दस्तावेज विश्लेषणबाट प्राप्त गरिएको सूचनालाई सहायक तथ्याङ्कका रूपमा लिइएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा मिश्रित अनुसन्धान ढाँचाको (परिमाणात्मक र गुणात्मक) प्रयोग गरिएको छ । निम्नलिखित अनुसन्धान ढाँचा अवलम्वनबाट प्राप्त सूचनाहरूलाई परिमाणात्मक र गुणात्मक दुवै मिश्रित रूपमा विश्लेषण र व्याख्या गरिएको छ ।

| क्र.सं. | उद्देश्य | प्रतिक्रियादाता | सूचना संकलनका साधन |
|---|---|---|---|
| १ | बालविकास केन्द्रका कार्यकर्ताको विषयवस्तु सम्बन्धी ज्ञान एवम् दक्षताको अवस्था पहिचान गर्ने । | सहयोगी कार्यकर्ताहरू, अभिभावक, वि.व्य.स. | उपलब्धी परीक्षण, अवलोकन फारम, अन्तर्वार्ता सूची |
| २ | बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने । | बालविकास केन्द्र, सहयोगी कार्यकर्ता | अवलोकन फारम, अन्तर्वार्ता सूची, रुजु सूची |
| ३ | पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको दक्षताको सम्बन्धमा सरोकारबाला पक्षको धारणा पहिचान गर्ने | व्यवस्थापन समितिका सदस्य, अभिभावक । | अन्तर्वार्ता सूची |

## ३.३ जनसंख्या र नमूना छनौट प्रक्रिया

बालविकास केन्द्रहरू, सहयोगी कार्यकर्ता, अभिभावक, व्यवस्थापन समिति र बालवालिकाहरू यस अध्ययनका जनसंख्या हुन् । उद्देश्यमूलक नमूना छनौट विधिको माध्यमबाट प्यूठान जिल्लालाई अध्ययनको क्षेत्रको रूपमा छनौट गरिएको थियो । लक्षित क्षेत्रबाट सुविधाजनक नमूना छनौट विधिको प्रयोग गरी खुङ्ग गा.वि.स.लाई छनौट गरिएको थियो । खुङ्ग गा.वि.स. का ७ वटा बालविकास केन्द्रबाट समान सम्भावना युक्त नमूना छनौट विधि प्रयोग गरी ३ वटा बाल

विकास केन्द्र छनौट गरिएको थियो र सहयोगी कार्यकर्तालाई स्वत : छनौट गरिएको थियो भने सुविधाजनक नमूना छनौटका माध्यमबाट ३/३ जना अभिभावक र व्यवस्थापन समितिका सदस्यहरूलाई छनोट गरिएको थियो ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरू

अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलन गर्न विविध किसिमका तथ्याङ्क संकलनका साधनहरूको प्रयोग गरिएको थियो । प्राथमिक र सहायक स्रोतहरूबाट महत्त्वपूर्ण तथ्याङ्क संकलन गर्न विशेषतः निम्नलिखित साधनहरूको प्रयोग गरिएको थियो ।

#### ३.४.१ सहयोगी कार्यकर्ताका लागि उपलब्धी परीक्षण

बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको विषयवस्तु, पाठ्यक्रमका सैद्धान्तिक पक्ष र बालविकासको सैद्धान्तिक पक्षसम्बन्धी ज्ञान एवम् दक्षताको अवस्था पहिचान गर्नका लागि उपलब्धी परीक्षण निर्माण गरी प्रयोग गरिएको थियो । जुन उपलब्धी परीक्षणको क्षेत्रगत प्रश्न संख्या र पूर्णाङ्क निम्नानुसारको तालिकामा देखाइएको छ ।

**तालिका नं. ३.१ : उपलब्धी परीक्षणको क्षेत्रगत प्रश्न संख्या र पूर्णाङ्क**

| क्र.सं. | क्षेत्र | प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास कार्यक्रमको सैद्धान्तिक पक्ष | १२ | १२ |
| २ | शारीरिक विकास | ६ | ६ |
| ३ | सामाजिक विकास | ६ | ६ |
| ४ | मानसिक तथा बौद्धिक विकास | ६ | ६ |
| ५ | पाठ्यक्रमीय क्रियाकलाप | १५ | १५ |
| | **जम्मा** | ४५ | ४५ |

प्रश्नपत्रलाई अनुसूची मा राखिएको छ ।

#### ३.४.२ सहयोगी कार्यकर्ता, अभिभावक र व्यवस्थापन समितिका लागि अन्तर्वार्ता सूची

सहयोगी कार्यकर्ताको विषयवस्तु सम्बन्धी ज्ञान एवम् दक्षताको अवस्था पहिचान गर्न र पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा अभिभावक र व्यवस्थापन समितिको धारणा जान्नका लागि अभिभावक, व्यवस्थापन समिति र सहजकर्ताका लागि अन्तर्वार्ता सूची प्रयोग गरिएको थियो । पाठ्यक्रमको सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेटेर अन्तर्वार्ता सूची तयार पारिएको थियो जसलाई अनुसूची मा राखिएको छ ।

#### ३.४.३ अवलोकन फारम

बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको व्यवहारिक दक्षता पहिचान गर्नका लागि जस्तै शिक्षणको तरिका, कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्रीको प्रयोग र बालवालिकाको

सहभागितासम्बन्धी तथ्याङ्क संकलनका लागि अबालोकन फारमको प्रयोग गरिएको थियो । जसलाई अनुसूची मा राखिएको छ ।

### ३.५ साधनको विश्वसनियता र वैधता निर्धारण

विश्वसनिय र वैध तथ्याङ्क संकलनका लागि तथ्याङ्क सङ्कलनका साधनहरू पनि विश्वसनिय र वैध हुनुपर्दछ । तथ्याङ्क संकलनका साधनहरू पाठ्यक्रम र निर्देशिकालाई आधार मानेर निर्माण गरिएको थियो । साधनहरूमा अवलोकन फारम, उपलब्धी परीक्षण र अन्तर्वार्ता सूचीको प्रयोग गरिएको थियो । जसमा उपलब्धी परीक्षण पाठ्यक्रमका सैद्धान्तिक पक्षका आधारमा, अवलोकन फारम दैनिक रूपमा सञ्चालन गर्नुपर्ने क्रियाकलाप, कक्षाकोठा व्यवस्थापन सम्बन्धी क्रियाकलाप र बाह्य क्रियाकलाप पाठ्यक्रमले निर्धारण गरेको थियो । त्यसैका आधारमा र अन्तर्वार्ता सूची पाठ्यक्रम र निर्देशिकाका आधारमा निर्माण गरिएको थियो । साधनहरूको वैधता निर्धारण गर्नका लागि र निहित कमीकमजोरी हटाउनका लागि सुपरिवेक्षकको सल्लाह र सहयोग लिइएको थियो ।

### ३.६ तथ्याङ्क संकलन र विश्लेषण प्रक्रिया

अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई छनौटमा परेका बालविकास केन्द्रका सहजकर्ता, व्यवस्थापन समिति र अभिभावकलाई प्रत्यक्ष रूपमा भेट गरी आफ्नो अध्ययनको उद्देश्य प्रष्ट पार्दै आवश्यक तथ्याङ्क संकलनका लागि सहयोग गर्न र उचित वातावरण मिलाइ दिन आग्रह गरिएको थियो र निर्माण गरिएका तथ्याङ्क सङ्कलनका साधन प्रयोग गरी नमूनाका रूपमा छनौट भएका व्यक्तिहरूबाट आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । यसरी संकलन गरिएका मिल्दाजुल्दा सूचनाहरूलाई विभिन्न शीर्षकमा विभाजन गरी सरल र स्पष्ट भाषामा मिश्रित ढाँचाको प्रयोग गरी विश्लेषण गरिएको छ । विश्लेषण गरिएका तथ्याङ्कलाई बढी रोचक र स्पष्ट बनाउनका लागि तालिका चार्ट आदिको प्रयोग गरिएको छ ।

### ३.७ समय तालिका

| क्र. सं. | गरेका महत्त्वपूर्ण कार्यहरू | कार्य गरेको समय | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माघ | | | | फागुन | | | | चैत | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| १ | साहित्यको पुनरावलोकन सहित प्रस्तावना लेखन | → | → | → | → | | | | | | | | |
| २ | साधनको निर्माण र वैधता निर्धारण | | | | | | | | | | | | |
| ३ | तथ्याङ्क संकलन | | | | | → | → | → | → | | | | |
| ४ | तथ्याङ्कको साङ्केतिकरण | | | | | | | | | | | | |
| ५ | तथ्याङ्कको व्याख्या र विश्लेषण | | | | | | | | | | | | |
| ६ | छपाइ तथा वाइन्डिङ्ग | | | | | | | | | → | → | → | → |

# अध्याय चार
## सूचनाको विश्लेषण र व्याख्या

यस अध्ययनमा बालविकास केन्द्रंको शैक्षणिक अवस्था शीर्षकमा खोज गरिएको थियो । मुख्यतयाः तीनवटा उद्देश्य राखिएको यस अध्ययनमा तथ्याङ्क संकलनका लागि प्राथमिक र सहायक स्रोतलाई उपयोग गरिएको थियो । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलनका लागि उपलब्धी परीक्षण अन्तर्वार्ता सूची र अवलोकन फारमको प्रयोग गरिएको थियो ।

बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको दक्षता र पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने उद्देश्य रहेको यस अध्ययनमा प्यूठान जिल्लाको खुङ्ग गा.वि.स. मा सञ्चालित सातवटा बालविकास केन्द्र मध्ये तीनवटा छनौट गरी उद्देश्य अनुसार तथ्याङ्क संकलन गरी यस अध्यायमा निम्न शीर्षकमा व्याख्या गरिएको छ :

- बालविकास कार्यक्रमका लागि पाठ्यक्रममा निर्धारित भूमिका बारे सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षता ।
- बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वनयको अवस्था ।
- पाठ्यक्रमा कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षता सम्बन्धमा सरोकारबाला पक्षको धारणा ।

### ४.१ बालविकास कार्यक्रमका लागि पाठ्यक्रममा निर्धारित भूमिकाबारे सहयोगी कार्यकताको ज्ञान एवम् दक्षताको अवस्था

बालविकास कार्यक्रमको पाठय्क्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञानको अवस्था थाहा पाउनका लागि उपलब्धी परीक्षण, अन्तर्वार्ता र अवलोकन गरिएको थियो । त्यस्तै सहयोगी कार्यकर्ताको दक्षताको अवस्था थाहा पाउनका लागि केन्द्रमा कार्यरत कार्यकर्ताहरूले दैनिक गर्ने क्रियाकलापलाई आधार मानी प्रारम्भिक बालविकास शाखाले तयार गरेको पाठ्यक्रममा उल्लेखित क्रियाकलापलाई आधार मानेर दक्षताको अवस्था थाहा पाउनका लागि अवलोकन फारम प्रयोग गरिएको थियो । यसरी ज्ञान एवम् दक्षताको अवस्थासम्बन्धी प्राप्त तथ्याङ्क एवम् सूचनालाई अलग अलग शीर्षकमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

#### ४.१.१ बालविकास कार्यक्रमका लागि पाठयक्रममा निर्धारित भूमिका बारे सहयोगी कार्यकर्ताको ज्ञानको अवस्था

बालविकास पाठ्यक्रमा प्रभावकारी कार्यान्वयनका लागि सहयोगी कार्यकर्तामा प्रारम्भिक बालविकास पाठ्यक्रम कार्यान्वयनको ज्ञान हुनु नितान्त आवश्यक छ । बालविकासका लागि तयार पारिएको पाठ्यक्रम कार्यान्वयन गर्न सहयोगी कार्यकर्ताका लागि प्रारम्भिक बालविकास

कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका २०६१, प्रारम्भिक बालविकास दिग्दर्शन २०६२ मा नै स्पष्टसँग सहयोगी कार्यकर्ताको योग्यता, तालिम र अनुभव वारे उल्लेख गरिएको छ । ती सैद्धान्तिक अवधारणालाई आधार मानेर छनोटमा परेका तीनवटा बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई उपलब्धी परीक्षण गरिएको थियो । उपलब्धी परीक्षणका लागि ४५ वटा बहुबैकल्पिक प्रश्नहरू निर्माण गरिएको थियो जसमा प्रत्येक प्रश्नलाई एक अंकका दरले पूर्णाङ्क निर्धारण गरिएको थियो ।

सहयोगी कार्यकर्ताको लागि तयार पारिएको उपलब्धी परीक्षणमा जम्मा पाँच वटा विषयवस्तुका क्षेत्रलाई समेटेर प्रश्नपत्र तयार गरिएको थियो । उक्त पाँचवटा क्षेत्र बालविकास कार्यक्रमको सैद्धान्तिक पक्ष र पाठ्यक्रम कार्यान्वयनको व्यवहारिक पक्षसँग सम्बन्धित छन् जुन पाठ्यक्रम र निर्देशिकाका आधारमा तयार पारिएको हो । जसका पाँचवटा क्षेत्र निम्न लिखित छन् :

- प्रारम्भिक बालविकास कार्यक्रमको सैद्धान्तिक पक्ष
- शारीरिक विकास
- सामाजिक विकास
- मानसिक तथा वौद्धिक विकास
- पाठ्यक्रमिय क्रियाकलाप

यी पाँचवटा क्षेत्रलाई समेटेर तयार पारिएको उपलब्धी परीक्षणको प्राप्ताङ्कलाई निम्नानुसार व्याख्या गरिएको छ ।

**औसत ज्ञानको अवस्था**

**तालिका नं. ४.१ : समष्टिगत रूपमा सहयोगी कार्यकर्ताको औसत उपलब्धी स्तर**

| सहयोगी कार्यकर्ता संख्या | पूर्णाङ्क | औसत प्राप्ताङ्क | औसत प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|
| ३ | ४५ | २३.६ | ५२.५ |

स्रोत : स्थलगत परीक्षण, २०७०

समष्टिगत रूपमा छनोटमा परेका तीनवटा बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको पाठ्यक्रममा उल्लेखित भुमिका सम्बन्धी ज्ञानको अवस्थालाई हेर्न जम्मा ४५ वटा प्रश्नहरू थिए । प्रत्येक प्रश्नको एक नम्बरको दरले पूर्णाङ्क पनि ४५ नै राखिएको थियो । यसरी हेर्दा प्रत्येक सहयोगी कार्यकर्ताले औसत प्राप्ताङ्क २३.६ प्राप्त गरेका छन् भने औसत प्राप्ताङ्क प्रतिशत ५२.५ हुन आउँछ । जुन कार्यकर्ता ३-४ वर्ष उमेर समूहका बालवालिकाको भविष्यको आधारशिला निर्माण गर्ने गर्छन उनीहरूको समष्टिगत रूपमा विषयवस्तु सम्बन्धी ज्ञानको अवस्था लगभग ५० प्रतिशत कम देखिन्छ । जुन कुराले बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको ज्ञानको अवस्था कम छ भन्न सकिन्छ ।


**क्षेत्रगत ज्ञानको अवस्था**

**तालिका नं. ४.२ : बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको ज्ञानको क्षेत्रगत उपलब्धी स्तर**

| क्र.सं. | क्षेत्र | पूर्णाङ्क | औसत प्राप्ताङ्क | औसत प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास कार्यक्रमको सैद्धान्तिक पक्ष | १२ | ७ | ५८.३३ |
| २ | शारीरिक विकास | ६ | ३.३ | ५५ |
| ३ | सामाजिक विकास | ६ | ४ | ६६.६६ |
| ४ | मानसिक तथा बैद्धिक विकास | ६ | ३.३ | ५५ |
| ५ | पाठ्यक्रमीय क्रियाकलाप | १५ | ६ | ४० |
| | **जम्मा** | **४५** | **२३.६** | **५२.५** |

स्रोत : स्थतलगत  परीक्षण, २०७०

**चित्र नं. ४.१ : सहयोगी कार्यकर्ताको विषयवस्तुको क्षेत्रगत उपलब्धी स्तर**




सामाीजक विकाससँग सम्बन्धित ६ वटा प्रश्नको औसत प्राप्ताङ्क प्रतिशत ६६.६६ रहेको छ। यो ५ वटा क्षेत्र मध्येको सबैभन्दा बढी प्रतिशत हो  भने सामाजिक विकास र मानसिक तथा वौद्धिक विकासमा औसत प्राप्ताङ समान ५५ प्रतिशत छ । त्यसैगरी पाठ्यक्रमिक क्रियाकलाप जसमा १५ वटा प्रश्नहरू समावेश गरिएको थियो जसको औसत प्राप्ताङ्क ६ र औसत प्राप्ताङ प्रतिशत ४० हुन आउँछ। यो प्राप्ताङ्कको औसत प्रतिशत यो पाँचवटा क्षेत्र मध्येको सबैभन्दा कम हो। यो क्षेत्रमा बालविकास केन्द्रभित्र पाठ्यक्रमसँग सम्बन्धित क्रियाकलापसम्बन्धी प्रश्नहरू समावेश गरिएको थियो। यो क्षेत्रमा प्राप्त सहयोगी कार्यकर्ताको औसत प्राप्ताङ्कले कार्यकर्ताको ज्ञानको अवस्था कमजोर छ भन्न सकिन्छ।

समग्रमा सहयोगी कार्यकर्ताको उपलब्धी स्तरलाई हेर्दा सबैभन्दा कम पाठ्यक्रमिक क्रियाकलाप ४० प्रतिशत छ जसको कारणमा सम्बन्धित प्रश्नहरू दैनिक रूपमा सञ्चालन गरिने

क्रियाकलाप र विषयवस्तुसँग सम्बन्धित हुनुलाई पनि लिन सकिन्छ भने सबैभन्दा बढी बालवालिकाको सामाजिक विकास सम्बन्धी पक्षमा ६६.६६ प्रतिशत र सामाजिक तथा मानसिक विकाससँग सम्बनिधत पक्षमा समान ५५ प्रतिशत छ । यसरी हेर्दा पाठ्यक्रमीय क्रियाकलाप, जुन सबैभन्दा महत्त्वपूर्ण पक्ष हो, मा न्यून उपलब्धी स्तर छ भन्न सकिन्छ भने अन्य पक्ष तुलनात्मक रूपमा सन्तोषजनक देखिन्छ ।

सिर्जनात्मक, उत्सुकता र काल्पनिकता विकास गराउने पक्षसँग सम्बन्धित क्रियाकलाप बालवालिकाको कुन विकाससँग सम्बन्धित भएर गराउनु हुन्छ ?, 'विभिन्न प्रकारका घरहरु' शीर्षकमा क्रियाकलाप गराउँदा कला र सृजनात्मक विषय अन्तर्गत कुन क्रियाकलाप प्रभावकारी हुन्छ ?, पूर्व वाल्यावस्थाका बालबालिका खेलौनाहरुसँग जीवित वस्तु ठानी बोलीबोली खेल्ने गर्दछन् र अरुको हस्तक्षेप मनपराउँदैनन् । यो अवस्थामा पाठ्यक्रमीय क्रियाकलाप कसरी गराउनु हुन्छ ?, बालवालिकामा कुनै प्रकारको नकारात्मक भावना वा वोझ उत्पन्न नगराई क्रियाकलाप गर्नुपर्ने हुन्छ यस्तो अवस्थामा कसरी सिकाउनुहुन्छ ? र बालवालिकाले बिताउने समयमध्ये कुन पक्षका लागि योजनाबद्ध रूपले समय छुट्याउनुपर्दछ ? जस्ता पाठ्यक्रमले तोकेका महत्वपूर्ण क्षेत्रसग सम्बन्धित प्रश्नहरु कुनै पनि सहयोगी कार्यकर्ताले हल गर्न नसकेको देखिन्छ जुन क्षेत्रहरु बालविकास सञ्चालनको मुख्य अभिप्राय अन्तर्गत पर्दछन् । त्यसैले उपलब्धी स्तर  न्यून छ भन्न सकिन्छ ।

### ४.१.२ बालविकास कार्यक्रममा संलग्न सहयोगी कार्यकर्ताको दक्षताको अवस्था

बालविकास केन्द्रमा लागु भएको पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि सहयोगी कार्यकर्ताको दक्षता ज्यादै नै महत्त्वपूर्ण पक्ष हो । दक्षता विनाको शिक्षकले प्रभावकारी रूपमा सिकाउनु असम्भव छ । पाठ्यक्रम कार्यान्वयनको  जिम्मेवारी पाएका शिक्षक उक्त पाठ्यक्रम कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा दक्षतापूर्ण हुनुपर्दछ । दक्षता ज्ञानमा निर्भर रहन्छ तर ज्ञान हुँदैमा सीप हुन्छ नै भन्ने छैन । बालविकास केन्द्रमा पाठ्यक्रम र बालविकास कार्यक्रमको सैद्धान्तिक पक्षमा जति मात्रामा ज्ञान छ त्यही अनुरूप सहयोगी कार्यकर्ताले दक्षता प्रदर्शन गर्दछ । यस अध्ययनमा सहयोगी कार्यकर्ताहरूले प्रारम्भिक बालविकास पाठ्यक्रम कसरी कार्यान्वयन गरिरहेका छन् र उनीहरूले बालविकास केन्द्रमा कसरी दैनिक क्रियाकलापहरू सञ्चालन गरिरहेका छन् भन्ने थाहा पाउनका लागि अवलोकन फारम तयार पारी प्रत्येक बालविकास केन्द्रमा तीन पटकका दरले अवलोकन गरी उनीहरूको पाठ्यक्रम कार्यान्वयनको दक्षतासम्बन्धी सूचना संकलन गरिएको थियो । यसरी अवलाकेनबाट प्राप्त सूचनाहरुलाई तल वर्णन गरिएको छ ।

#### क) दैनिक रूपमा सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी दक्षता

अवलोकनबाट प्राप्त दक्षता तालिका नं. ४.३ मा देखाइएको छ ।

**तालिका नं. ४.३ : दैनिक रूपमा सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी दक्षता**

| क्र.सं. | क्षेत्र | सञ्चालन गरिएको | |
|---|---|---|---|
| | | छ | छैन |
| १ | बाह्य खेल | १ | २ |
| २ | शारीरिक खेल र सामाजिकीकरण | ३ | ० |
| ३ | समूह कार्य | ० | ३ |
| ४ | योजनावद्ध क्रियाकलाप | २ | १ |
| ५ | सामूहिक योजनाबद्ध खेल क्रियाकलाप | २ | १ |
| ६ | स्वास्थ्य नैतिक सन्देश | २ | १ |
| ७ | आराम | २ | १ |
| ८ | खाजाको व्यवस्था | २ | १ |
| ९ | शौचालयको व्यवस्था | ३ | ० |
| १० | संगीत तथा अभिनय | ० | ३ |
| ११ | घर जाने तयारीका लागि कक्षाकोठा व्यवस्थापन | ३ | ० |

स्रोत : स्थलगत अवलोकन, २०७० ।

तालिका नं. ४.३ को क्षेत्र अनतर्गत लेखिएका ११ वटा बुँदाहरू बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताले दैनिक रूपमा सञ्चालन गर्नुपर्ने क्रियाकलाप भनी सैद्धान्तिक रूपमा शिक्षा विभागको प्रारम्भिक बालविकास शाखाले निर्माण गरेको प्रारम्भिक बालविकास पाठ्यक्रम २०६२ ले निर्धारण गरेको हो । अवलोकन गर्दा छनोटमा परेका बालविकास केन्द्रहरूमा समूह कार्य र संगित तथा अभिनय कुनै पनि बालविकास केन्द्रमा पाइएन जुन प्रारम्भिक सिकाइका महत्त्वपूर्ण पक्ष हुन् । अन्य क्रियाकलापहरू मिश्रित रूपमा पाइयो । सामाजिकीकरण र योजबनाबद्ध क्रियाकलापको पाटो पनि कमजोर देखिन्छ । आराम र स्वास्थ्य नैतिक सन्देशसम्बन्धी क्रियाकलापमा पनि त्यति ध्यान दिएको पाइएन । कुनै बालविकास केन्द्रमा क्रियाकलाप गर्ने व्यवस्था नै नभएको र भएकामा पनि प्रभावकारी रूपमा नभएको देखिन्छ । बालविकास केन्द्रमा संलग्न सहयोगी कार्यकर्तामा दैनिक रूपमा सञ्चालन गर्नुपर्ने क्रियाकलाप सम्बन्धी दक्षताको अभाव देखिन्छ । सँगसँगै बालविकास केन्द्रमा साधन र स्रोतको अभावले गर्दा र कार्यकर्ताले समयानुसार पुनर्ताजगी तालिम नपाउनाले नै दैनिक क्रियाकलाप गर्न समस्या देखिएको हो भन्न सकिन्छ । यसबाट बालवालिकाको शारीरिक, मानसिक, सामाजिका र संवेगात्मक विकासमा असर पर्ने देखिन्छ ।

## ख) कक्षाकोठा व्यवस्थापन सम्बन्धी दक्षता

यस सम्बन्धी दक्षता अवलोकन गर्दा पाइएको अवस्थालाई तालिका नं ४.४ मा देखाइएको छ ।

**तालिका नं. ४.४ : कक्षाकोठा व्यवस्थापन कार्य सम्बन्धी दक्ससाता**

| क्र.सं. | क्रियाकलापहरू | सञ्चालन गरिएको | |
|---|---|---|---|
| | | छ | छैन |
| १ | सामग्रीको प्रयाप्त व्यवस्था | १ | २ |
| २ | खेलका लागि छुट्टै व्यवस्था | १ | २ |
| ३ | स्वतन्त्र खेलका लागि उचित व्यवस्था | ० | ३ |
| ४ | भाषिक अभिव्यक्तिको उपयुक्त व्यवस्था | १ | ३ |
| ५ | व्यक्तिगत स्वतन्त्र क्रियाकलापका लागि उपयुक्त व्यवस्था | ० | ३ |
| ६ | सबै बालवालिकालाई क्रियाकलापमा सहभागी गराउने व्यवस्था | ३ | ० |
| ७ | दैनिक कार्यतालिका अनुसार क्रियाकलाप गर्ने व्यवस्था | ० | ३ |
| ८ | सामग्री राख्ने ठाउँको व्यवस्था | ३ | ० |
| ९ | खाजा खाने ठाउँको व्यवस्था | १ | २ |

स्रोत : स्थलगत अवलोकन, २०७०

कुनै पनि कार्यलाई दक्षतापूर्ण रूपमा सफल पार्न व्यवस्थापकीय पक्ष प्रभावकारी हुन नितान्त आवश्यक छ । त्यसैले बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले दक्षतापूर्ण रूपमा कक्षाकोठा व्यवस्थापन गर्नु जरुरी छ । यस अध्ययनका लागि छनोटमा परेका बालविकास केन्द्रहरूमा स्वतन्त्र खेलका लागि उचित व्यवस्था, व्यक्तिगत स्वतन्त्र क्रियाकलापका लागि उपयुक्त व्यवस्था र दैनिक कार्यतालिका अनुसार क्रियाकलाप गर्ने व्यवस्था कुनै पनि केन्द्रमा पाइएन जुन प्रांरम्भिक बालविकासका लागि महत्त्वपूर्ण पक्ष अन्तर्गत पर्दछन् । सबै बालवालिकालाई क्रियाकलापमा सहभागी गराउने व्यवस्था सबै केन्द्रमा पाइयो भने अन्य क्रियाकलाप मिश्रित रूपमा पाइयो । सामग्रीहरूको व्यवस्था पनि कम र प्रयोग पनि कम पाइयो । बालवालिकालाई भाषिक अभिव्यक्तिका लागि व्यवस्था र सामाजिकीकरण गराउने पक्ष पनि सामान्य पाइयो । समग्रमा भन्दा बालविकास केन्द्रमा कक्षाकोठा व्यवस्थापनसम्बन्धी क्रियाकलाप तोकिएको रूपमा गर्न नसक्नुले सहयोगी कार्यकर्ताको दक्षताको अवस्था कमजोर छ भन्न सकिन्छ ।

**ग) बाह्य क्रियाकलाप सञ्चालन सम्बन्धी दक्षता**

यस सम्बन्धी दक्षता अवलोकन गर्दा पाइएको अवस्थालाई तालिका नं ४.५ मा देखाइएको छ ।

**तालिका नं. ४.५ : बाह्य क्रियाकलाप सञ्चालन कार्य सम्बन्धी दक्षता**

| क्र.सं. | क्रियाकलापहरू | सञ्चालन गरिएको | |
|---|---|---|---|
| | | छ | छैन |
| १ | बाह्य खेलको व्यवस्थाको उपयुक्तता | १ | २ |
| २ | लाइनमा बसाएर क्रियाकलापमा पालो अनुसार सहभागित बनाएको | ० | ३ |
| ३ | शौचालय पालो अनुसार जाने व्यवस्था | ३ | ० |
| ४ | बाह्य खेलमा उत्प्रेरित गरेको | १ | २ |
| ५ | क्रियाकलापमा सहयोगी कार्यकर्ताको सक्रिय सहभागिता | ३ | ० |
| ६ | स्वास्थ्य सम्बन्धी र जीवनोपयोगी सीपको विकास गराउने व्यवस्था | ० | ३ |
| ७ | मांशपेशिय तालिम | १ | २ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

सहयोगी कार्यकर्ताको बाह्य क्रियाकलाप सञ्चालनकार्य सम्बन्धी सीप अथवा दक्षता अवलोकन गर्दा शौचालय पालो अनुसार पठाउने व्यवस्था बाहेक अन्य कुनै पनि क्रियाकलाप समान रूपमा पाइएन । क्रियाकलापमा सहयोगी कार्यकर्ताको सहभागिता सक्रिय भएपनि केही चाँही सन्तोषजनक छैन । साना बालवालिकाहरूको आधारभूत पक्षसँग सम्बन्ध राख्ने स्वास्थ्यसम्बन्धी सीप र जीवनयोपयोगी सीप विकास गराउने सम्बनधी क्रियाकलाप कुनै पनि बालविकास केन्द्रमा पाइएन । त्यस्तै सहयोगी कार्यकर्ताले बालविकास केन्द्रमा सक्रिय रूपमा सहभागिता जनाउन नसक्नुले दक्षताको अवस्था कमजोर छ भन्न सकिन्छ ।

अन्त्यमा शिक्षा विभागको प्रारम्भिक बालविकास शाखाले तयार पारेको “प्रारम्भिक बालविकास पाठ्यक्रम २०६२” र प्रारम्भिक बालविकास रणनीतिक पत्र २०६१ का आधारमा अवलोकन फारम तयार पारिएको थियो । तीन दिनको अवलोकनमा समेट्न नसकिएका पक्ष सम्बन्धी ज्ञान एवम् दक्षता थाहा पाउन अन्तर्वार्ता सूची पनि प्रयोग गरिएको थियो । दैनिक रूपमा सञ्चालन गरिने आधाभन्दा बढी क्रियाकलाप छनोटमा परेका बालविकास केन्द्रमा नगरेको देखियो । बालवालिकाको सर्वाङ्गिण विकास गराउने क्रियाकलापमा ध्यान नदिएर पढाइ लेखाइमा नै जोड दिएको पाइयो यसको कारण सोध्दा अभिभावकले त्यही नै खोज्ने र सहजकर्तालाई दवाव दिने गरेको देखिन्छ । पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको दक्षता क्रियाकलाप सञ्चालनमा देखिने भएकाले पाठ्यक्रमले निर्दिस्ट गरेका क्रियाकलापको अवलोकन गर्दा सहयोगी कार्यकर्ताले कम मात्रामा सञ्चालन गरेको पाइन्छ । कक्षाकोठा व्यवस्थापन र बाह्य क्रियाकलाप सञ्चालनसम्बन्धी दक्षता पनि कमजोर देखिन्छ ।

### ४.२ बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वयनको अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षा विभागको प्रारम्भिक बालविकास शाखाले प्रारम्भिक बालविकास पाठ्यक्रम तयार पारेर प्रत्येक बालविकास केन्द्रमा लागु गर्नुपर्ने भनेको छ तर विभिन्न संघसंस्था, समुदायमा र विद्यालयमा आधारित बालविकास केन्द्रहरूले आफू खुशी पाठ्यक्रम तयार पार्ने र लागु गर्ने समस्या देखिएको छ । वर्तमान अवस्थालाई हेर्दा तीव्र रूपमा बालविकास केन्द्रहरू विस्तार भइरहेका छन् । नेपाल सरकारले पनि प्रारम्भिक बालविकास कार्यक्रम सञ्चलनमा विशेष जोड दिएको छ । विशेष गरी शिक्षा विभागको स्थापना पश्चात् प्रारम्भिक बाल विकास शाखाको स्थापना गरेर सम्पूर्ण नीति तथा कार्यनीति निर्माण गर्ने, पाठ्यक्रम र शैक्षिक सामग्रीको निर्माण गर्ने कार्य भई रहेको छ ।

शिक्षा विभागको बालविकास शाखाले प्रारम्भिक बालविकास पाठ्यक्रम २०६२ सालमा तयार पारेको छ । उक्त पाठ्यक्रम सम्पूर्ण बालविकास केन्द्रहरूमा कार्यान्वयन गर्ने नीति नेपाल सरकारले लिएको छ । बालविकास केन्द्रका लागि निर्माण गरिएको पाठयक्रम बालविकासको सैद्धान्तिक पक्षलाई ध्यान दिएर निर्माण गरिएको छ । सो पाठ्यक्रम कार्यान्वयनको जिम्मा सहयोगी कार्यकर्तालाई दिइएको छ । सहयोगी कार्यकर्ताको ज्ञान, सीप र दक्षतामा पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता निर्भर गर्छ ।

यस अध्ययनमा बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वयनको अवस्था थाहा पाउनका लागि पाठ्यक्रमको सैद्धान्तिक पक्षलाई उपलब्धी परीक्षण र व्यवहारिक पक्ष वा दैनिक रूपमा सञ्चालन गरिने क्रियाकलापलाई अवलोकन फारम र अन्तर्वार्ता सूचीका माध्यमबाट हेरिएको थियो । बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा पाठ्यक्रमको लक्ष्य अनुरूप थोरै मात्रामा क्रियाकलाप सञ्चालन गरेको पाइयो । विशेष गरेर लेखाइ पढाइमा नै जोड दिएको र बालवालिकालाई नियन्त्रित र धम्कीपूर्ण वातावरणमा क्रियाकलापहरू सञ्चालन गरेको पाइयो । पाठ्यक्रममानै स्पष्ट रूपमा उमेरगत र क्षेत्रगत आधारमा दैनिक कति समय कुन क्रियाकलापलाई छुट्याउने भनेर स्पष्ट पारिदिएको छ र कसरी गर्ने के को सहारा लिने सम्पूर्ण कुराहरू स्पष्ट रूपमा खुलाइदिँदा पनि दैनिक रूपमा सञ्चालन गर्नुपर्ने क्रियाकलाप नै राम्रोसँग सञ्चालन नगरेको कारणले गर्दा शिक्षा विभागको बालविकास शाखाले तयार गरेको पाठ्यक्रम कार्यान्वयन प्रभावकारी रूपमा नभएको पाइयो ।

पाठ्यक्रम कार्यान्वयनसम्बन्धी अवस्थाबारे सोध्दा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले तालिम नपाएको र अहिलेसम्म पाठ्यक्रम र निर्देशिका नदेखेको बताए । साथै बालविकास केन्द्रमा तालिम प्राप्त कार्यकर्ताले छोडेपछि आफू आएको र तालिम नलिएको बताए । जसको फलस्वरूप प्रर्याप्त सामग्रीको अभाव र भएका पनि प्रयोगमा नआउनु प्रमुख समस्या देखिन्छ । बालवालिकालाई बालविकास केन्द्रमा भूलाउने मात्र गरेको देखिन्छ । अभिभावकमा

बालविकाससम्बन्धी चेतनाको कमी र सहयोगी कार्यकर्ताको तालिमको अभावले गर्दा पाठ्यक्रम कार्यान्वयनमा समस्या देखिन्छ ।

अन्त्यमा बालविकास केन्द्र सञ्चालन गर्ने निकायले पाठ्यक्रम निर्देशिका र तालिमको अनिवार्य व्यवस्था गर्नुपर्ने देखिन्छ । शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्नुपर्ने, अभिभावकलाई सचेत गराउनुपर्ने र समय समयमा निरिक्षण गर्नुपर्ने र पृष्ठपोषण दिनुपर्ने आवश्यकता देखिन्छ । पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकनिर्देशिकाहरू निर्माण गर्नुपर्ने, दैनिक क्रियाकलाप, कक्षाकोठा व्यवस्थापन र बाह्य क्रियाकलाप सञ्चालनका लागि शैक्षिक, आर्थिक, र भौतिक पक्षमा ध्यान दिनुपर्ने जरुरी देखिन्छ ।

### ४.३ पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको सम्बन्धमा सरोकारबालाको धारणा

असल शिक्षक बन्नका लागि विषयवस्तुको राम्रो ज्ञान र त्यो ज्ञानलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने क्षमता हुनुपर्दछ । दक्ष शिक्षकको काँधमा बालवालिकाको सुनौलो भविष्य निर्भर रहन्छ ।

नेपालमा बालविकास कार्यक्रमको विकासमा शिक्षा विभागमा प्राम्भिक बालविकास शाखाको स्थापना पश्चात् व्यापकता आएको पाइन्छ । नेपालमा विशेषत : तीन प्रकारका बालविकास केन्द्रहरू सञ्चालनमा छन् । बालविकास केन्द्रमा पूर्वबाल्यावस्थाका बालवालिकाहरू सहभागी हुन्छन् । पूर्वबाल्यावस्था सम्पूर्ण अवस्थाको आधार भएकाले यो अवस्थालाई ज्यादै महत्त्वपूर्ण अवस्थाको रूपमा हेरिन्छ । विकसित राष्ट्रमा बालविकास कार्यक्रमलाई विद्यालय संरचनामा राखी सञ्चालन गरेको पाइन्छ तर नेपालमा भने बालविकास कार्यक्रमको सञ्चालनका लागि विदेशी दातृ संस्थाको सहयोग पर्खनुपर्ने दुर्भाग्यपूर्ण अवस्था रहेको छ । बालविकास केन्द्रका सहयोगी कार्यकर्ता योग्य, दक्ष र सीपयुक्त हुनु आवश्यक छ । अनि मात्र प्रभावकारी रूपमा क्रियाकलाप सञ्चालन गर्न सक्दछन् । यस सम्बन्धमा यस कार्यक्रमसँग सम्बन्धित व्यक्तिहरूको धारणालाई यस अध्ययनमा समेटिएको छ । विभिन्न व्यक्तिहरूको धारणा बुझ्नका लागि अन्तर्वार्ता सूचीका प्रयोग गरिएको थियो । अभिभावक र व्यवस्थापन समितिका सदस्यहरूको धारणालाई यस अध्यायमा विश्लेषण गरिएको छ ।

#### ४.३.१ अभिभावकको धारणा

बालविकास केन्द्रमा लागु गरिएको पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षताको सम्बन्धमा अभिभावकहरूको धारणा सम्बन्धी सूचना संकलन गर्न अन्तर्वार्ता सूचीको प्रयोग गरिएको थियो । छनोटमा परेका तीनवटा बालविकासका अभिभावकहरू मध्ये प्रत्येकबाट ३/३ जनाका दरले ९ जना अभिभावकसँग अध्ययनकर्ता स्वयम् अभिभावको घरमा गई सूचना संकलन गरिएको थियो ।

बालविकास केन्द्रमा बालवालिका किन पठाउनु भएको हो भन्ने प्रश्नमा अभिभावकहरूको धारणा समान पाइन्छ - "घरमा हेर्ने मान्छे नभएर, छिटो पढाउनका लागि, स्कुल जाने वानी पार्न र टाठो बनाउन" । त्यस्तै तपाइका बालवालिकाहरू सहजकर्ताका बारेमा घरमा कुरा गर्छन की गर्दैनन भन्ने पंश्नमा पनि अभिभावको धारणा समान छ । रमाइलो खाले क्रियाकलाप गराउँदा र रिसाएर गाली गर्ने, सजाय दिने दिन कुरा गर्छन । त्यस्तै बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले कस्ता कस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्दछ भन्ने प्रश्नको दुई प्रकारको उत्तर पाइन्छ । एक प्रकारका अभिभावक सम्पूर्ण पक्षको विकास गराउने खालका क्रियाकलाप चाहन्छन भने अर्को प्रकारका अभिभावक पढाइ र लेखाई मात्र गराउनु पर्ने चाहना राख्छन् ।

बालविकास केन्द्र स्थापनाको सैद्धान्तिक पक्षलाई हेर्ने हो भने सहयोगी कार्यकर्ताले अभिभावकहरूसँग सम्बन्ध राखी उनीहरूलाई बालविकासका हरेक क्रियाकलापमा सहभागी बनाई मासिक रूपमा विद्यार्थीको उपलब्धीको प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ । तर यी छनोटमा परेका बालविकास केन्द्रका अभिभावक अधिकांश अशिक्षित र आर्थिक अवस्था कमजोर भएका कराणले सहयोगी कार्यकर्ताले आफ्ना बालवालिकालाई पढाइलेखाइ नै गर्नुपर्ने धारणा राख्ने र ती केन्द्रका कार्यकर्ताले पनि पढाइ लेखाइमा नै रटाउने गरेको पाइयो । त्यस्तै शिक्षित अभिभावकहरूले सर्वाङ्गीण विकास गराउने खालका क्रियाकलाप सञ्चालन गर्नुपर्ने चाहना राख्ने र त्यही अनुरूप सहयोगी कार्यकर्ताको व्यवहार हुनुपर्ने अपेक्षा राखेको पाइयो ।

बच्चालाई बालविकास केन्द्रमा पढाउँदा के कस्ता विकास र परिवर्तन भएको पाउनु भएको छ ? भन्ने प्रश्नको उत्तरमा अभिभावकहरू धेरै परिवर्तन भएको ठान्छन् - आदर सत्कार गर्न सिकेको, आफू भन्दा ठूलालाई नमस्कार गर्न जानेको, रेडियोमा गीत बज्ने वित्तिकै नाच्ने गरेको, नडराउने, अरु स्कुल गएको देख्दा आफू पनि जान्छु भनेर झोला खोज्ने गरेको भन्ने भनाइ पाइयो र आफ्ना बच्चा र बालविकासमा नजाने बच्चाहरुमा पनि धेरै फरक पाएको बताउँछन् । बालविकास केन्द्रमा नजाने बच्चाहरू फोहोरी, ठूला मान्छे देख्दा डराउने, धेरै झगडा गर्ने खालका भएको भन्ने धारणा पाइयो । बालविकास केन्द्रमा सञ्चालन हुने कार्यक्रममा के कती मात्रामा सहयोगी कार्यकर्ताले संलग्न गराएको पाउनु भएको छ भन्ने प्रश्नमा कहिलेकाही मात्र जाने गरेको बताउँछन् ।

यसरी यी छनोटमा परेका बालविकास केन्द्रमा सब्लग्न सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता कति हुनुपर्छ जस्तो लाग्छ भन्दा केही अभिभावक यस सम्बन्धी केही थाहा नपाउने बताए भने केही अभिभावक योग्यता पनि बढाउनु पर्ने र तालिम अनिवार्य हुनुपर्ने धारणा व्यक्त गरे ।

अन्तमा सहयोगी कार्यकर्ताको बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिभावकहरूको धारणा बुझ्दा फरक फरक पाइयो । शिक्षित अभिभावकहरू अहिले भइरहेको अवस्था र क्रियाकलापमा धेरै सुधार गर्नुपर्ने धारणा राखे । उनीहरुले बालवालिकाको चौतर्फी विकास गराउने खालका क्रियाकलाप हुनुपर्ने सुझाव दिए भने अशिक्षित अभिभावकहरू आफ्ना बालवालिकाहरू पढ्न लेख्न धेरै जान्ने, अनुशासनमा बस्ने र बाहिरि कुरामा ख्याल नराख्ने होउन भन्ने चाह राखे र सहयोगी कार्यकर्ताले त्यही अनुरूप काम गरुन भन्ने चाहना व्यक्त गरे । यो अवस्थाले गर्दा पनि सहयोगी कार्यकर्तालाई पाठ्यक्रम अनुरूप क्रियाकलापमुखी सिकाई गराउन नसकेको भन्न सकिन्छ ।

### ४.३.२ व्यवस्थापन समितिका सदस्यहरूको धारणा

बालविकास केन्द्रमा लागु गरिएको पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षताको सम्बन्धमा छनोटमा परेका तीनवटा बालविकास केन्द्रका व्यवस्थापन समितिका ३/३ जना सदस्यका लागि अन्तर्वार्ता सूचीको प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

अभिभावकहरूलाई बालविकास केन्द्र सञ्चालनमा आएपछि के फरक पाउनु भएको छ भन्ने प्रश्नमा उनीहरू धेरै फाइदा भएको कुराहरू बताए । उनीहरुका अनुसार साना बच्चा स्कुल जान पाएका छन्, घरमा हेरचाहका लागि समय बचेको धारणा व्यक्त गरे र बालवालिका केन्द्रको शैक्षिक र भौतिक पक्षका बारेमा सोध्दा पढाइभन्दा धेरै खेलाइ भएको छ भन्ने धारणा शैक्षिक पक्ष अन्तर्गत राखे जहाँ खेल र क्रियाकलापका माध्यमद्वारा बाल्यावस्थाको सिकाईले बालवालिकाको व्यवहारमा परिवर्तन ल्याउने अपेक्षा गरिएको हुन्छ भने भौतिक व्यवस्था पनि कमजोर भएको बताए । सहयोगी कार्यकर्ताको बच्चाहरूसँगको व्यवहार सम्बन्धी प्रश्नमा सदस्यहरूको धारणा दुई प्रकारको रहेको पाइयो । बालबच्चासँगको व्यवहार राम्रै भएको र बालबच्चाहरू नजिक भएको धारणा केहीको थियो भने केहीको सबै बालवालिकालाई ध्यान दिन नसकेको र साना बच्चाले सजाय पनि पाउने गरेको बताएका थिए । केन्द्रमा आउने बच्चा र नआउने बच्चामा धेरै फरक भएको सदस्यहरूको धारणा थियो । उनीहरुले आउने बच्चाहरू सरसफाइमा ध्यान दिने, बोल्न, आदर सत्कार गर्न जान्ने र धेरै जिज्ञासु स्वभाव भएका पाएको धारणा व्यक्त गरे । बालवालिकालाई सानै उमेरदेखि स्कुल जाने बानी बसाल्न पठाउने गरेको र बच्चाहरूले कहिले काँही सजाय पनि पाउने गरेको उनीहरूको भनाई थियो । सहयोगी कार्यकर्ताले बालवालिकाको समस्या, सामग्रीहरूको सम्बन्धमा, प्रगति विवरण राख्ने सम्बन्धमा व्यवस्थापन समितिका सदस्यहरूसँग छलफल गर्ने गरेको पाइयो । केही सदस्यहरूले सहजकर्ताले बच्चाहरूको उमेर अनुसार व्यवहार गर्न नसकेको बताएका थिए । तालिम प्रयाप्त मात्रामा लिनुपर्ने र सिकेको कुरालाई व्यवहारमा ल्याउनु पर्ने उनीहरूको धारणा थियो । तपाइले बालविकास केन्द्रबाट के अपेक्षा गर्नु भएको छ भन्ने प्रश्नमा सदस्यहरूको भनाइ थियो

"अभिभावकहरू व्यस्त हुने भएकाले समय दिन सकिँदैन, बालवालिकालाई घरकै जस्तो वातावरणमा राखी धेरै सीपहरू सिकाउनु पर्दछ ।"

व्यवस्थापन समितिका सदस्यहरूलाई बालविकास केन्द्रको भौतिक अवस्था सम्बन्धमा सोध्दा धेरै समस्या भएको, सहयोग नपाएको समस्या बताएका थिए । बालविकास केन्द्रमा देखिएका समस्या र समाधानसम्बन्धी प्रश्न गर्दा सबै सदस्यहरूको भनाइमा समानता थियो । उनीहरूको भनाइमा बालविकास केन्द्रमा आर्थिक, भौतिक र शैक्षिक समस्या छन् । आर्थिक समस्यामा सहयोगी कार्यकर्ताको मासिक तलब रु. २४००/- मात्र हुनु, अन्य खर्चका रूपमा वार्षिक रु. १०००/- दिने गरेको र त्यसैबाट सम्पूर्ण शैक्षिक सामग्री मसलन्द खर्च जुटाउनु पर्ने भएकाले प्रमुख समस्या भएको बताएका थिए । "बालविकास केन्द्रको निरीक्षण नहुनु पनि प्रमुख समस्या हो" केही सदस्यको भनाइ थियो ।

यसरी बालविकास केन्द्रमा संलग्न सहयोगी कार्य कर्ताको ज्ञान एवम् दक्षता सम्बन्धी विभिन्न सरोकारबाला पक्षसँग अन्तर्वार्ताबाट प्राप्त धारणालाई समग्रमा हेर्दा यो देखिन्छ की बालविकास केन्द्रमा संलग्न सहयोगी कार्यकर्ताले प्राप्त गरेको ज्ञानलाई व्यवहारिक रूपमा लागु गर्न विभिन्न कठिनाई परेको देखिन्छ । पाठ्यक्रमले तोके अनुसारको क्रियाकलाप नभएको, प्रगति प्रतिवेदन नगराएको बालवालिकालाई दण्ड दिने गरेको अध्ययनबाट पाइयो । सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षतामा निपुणता ल्याउन आर्थिक समस्याले पनि असर पारेको पाइयो । भौतिक सामग्रीहरू प्रर्याप्त नभएको र भएको पनि प्रयोगमा नभएको पाइयो । यसरी निष्कर्षमा के भन्न सकिन्छ भने सहयोगी कार्यकर्ताले पाठ्यक्रममा उल्लेखित भूमिका सम्बन्धी ज्ञान एवम् दक्षतालाई पूर्ण रूपमा प्रयोग गर्न आर्थिक, शैक्षिक, भौतिक एवम् सामाजिक समस्याले प्रभाव पारेको धारणा संयुक्त रूपमा पाइयो ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष तथा सुझाव

## ५.१ प्राप्ति

बालविकास केन्द्रको शैक्षणिक अवस्था शीर्षकमा अनुसन्धान सफल पार्न उपलब्धी परीक्षण, अवलाकन फारम र अन्तर्वार्ता सूची प्रयोग गरी सूचना संकलन गरिएको थियो । यसरी सूचना संकलन गर्नका लागि प्युठान जिल्लाको खुङ्ग गा.वि.स.मा सञ्चालित तीनवटा बालविकास केन्द्र छनोट गरी ती बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, अभिभावक र व्यवस्थापन समितिका सदस्यहरूलाई छनोट गरिएको थियो । यसरी यो अध्ययनबाट निम्नकुराहरू प्राप्त भयो -

- बालविकास केन्द्रमा संलग्न सहयोगी कार्यकर्ताको विषयवसतु सम्बन्धी ज्ञानको अवस्थालाई पहिचान गर्न उपलब्धी परीक्षण सञ्चालन गरिएको थियो जसमा ओसत प्राप्ताङ्क प्रतिशत ५२.५ पाइयो ।
- बालविकास केद्रमा संलग्न सहयोगी कार्यकर्ताको ज्ञानको क्षेत्रगत उपलब्धी स्तरमा पाठ्यक्रमीय क्रियाकलापको औसत प्राप्ताङ्क प्रतिशत सबैभन्दा कम ४० प्रतिशत पाइयो भने सबैभनदा बढी सामाजिक विकासमा क्षेत्रगत उपलब्धी स्तर ६६.६६ प्रतिशत पाइयो ।
- यी छनोटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको उपलब्धी स्तर कम हुनुको कारणमा शैक्षिक योग्यता, पाठ्यक्रम र विषयवस्तु सम्बन्धी ज्ञानको अभाव, तालिम र कार्य अनुभव कम भएको पाइयो ।
- सहयोगी कार्यकर्ताको दक्षताको अवस्था हेर्दा समूह कार्य र संगित तथा अभिनय कुनै पनि केन्द्रमा नगराएको पाइयो ।
- कक्षाकोठा व्यवस्थापन कार्य सम्बन्धी दक्षतामा स्वतन्त्र खेलका लागि उचित व्यवस्था, स्वतन्त्र क्रियाकलापका लागि व्यवस्था र दैनिक कार्यतालिका अनुरूप क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था कुनै पनि केन्द्रमा पाइएन ।
- बालविकास केन्द्रमा प्रमुख तीन पक्ष स्वास्थ्य, मनोरञ्जन र क्रियाकलापमुखी सिकाइको अवस्था कमजोर पाइयो ।
- पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा पाठ्यक्रमले तोकेका क्रियाकलाप गराउनुभन्दा पढाइलेखाइमा नै बढी जोड दिएको पाइयो ।
- पाठ्यक्रम कार्यान्वयनमा आर्थिक, शैक्षिक सामग्रीको समस्या, भौतिक पक्षको समस्या, अभिभावकका अपेक्षा र निरीक्षण कार्य नहुनाले समस्या परेको देखियो ।
- सहयोगी कार्यकर्ताले तालिमका साथै पाठ्यक्रम र निर्देशिका नपाएको समस्या पाइयो ।
- पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको दक्षता सम्बन्धमा अभिभावक र व्यवस्थापन समितिको धारणा शिक्षित र अशिक्षित विचमा दुइधार पाइयो । शिक्षित

अभिभावकहरु पाठ्यक्रम अनुसार नै क्रियाकलाप गराउनु पर्ने र बालवालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु पर्ने धारणा राखेको र अशिक्षित अभिभावक आफ्ना बच्चालाई पढाइलेखाइमा मात्र ध्यान दिने र वच्चाहरु अनुशासनमा वस्नु पर्ने धारणा व्यक्त गरेको पाइयो ।

- समग्रमा ग्रामिण इलाकामा बालविकास केन्द्र सञ्चालनबाट अभिभावकलाई घरमा बच्चा हेरेर बस्न पर्ने समस्याबाट मुक्त भएको र बच्चाहरू पनि टाठा भएको अभिभावकको धारणा पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनको अन्त्यसम्मा निम्नलिखित निष्कर्षमा पुग्न सकिन्छ जसलाई उद्देश्य अनुसार नै विश्लेषण गरिएको छ । यस अध्ययनको पहिलो उद्देश्यमा सहयोगी कार्यकर्ताको विषयवस्तुसम्बन्धी ज्ञान एवम् दक्षताको अवस्था पहिचान गर्ने रहेको छ । जसमा बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको पाठ्यक्रमसम्बन्धी ज्ञान ५० प्रतिशतभन्दा केही बढी मात्र रहेको छ । उनीहरु पाठ्यक्रमीय क्रियाकलापसम्बन्धी ज्ञानमा सबैभन्दा कमजोर छन् भने सामाजिक विकास क्षेत्रको ज्ञान राम्रो छ भने अन्य पक्षमा सामान्य रहेको छ । बालविकास केन्द्रको पाठ्यक्रम कार्यान्वयनको जिम्मा पाएका सहयोगी कार्यकर्ताको पाठ्यक्रमसम्बन्धी नै ज्ञान ५० प्रतिशत मात्र हुनुलाई न्यून उपलब्धी स्तर मान्न सकिन्छ । त्यस्तै अध्ययनको दोस्रो उद्देश्यमा बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने रहेको छ । पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको पाठ्यक्रमसम्बन्धी ज्ञान लगभग ५० प्रतिशत कम हुनुले पनि असर गरेको देखिन्छ । पाठ्यक्रम पूर्ण रूपमा क्रियाकलापमुखी हुनु र शैक्षिक सामग्री र स्रोत सामग्रीको अभावमा पाठ्यक्रमले तोकेजस्तो क्रियाकलाप गराउन नसकेको पाइन्छ । तालिमको अभाव र अभिभावकको अपेक्षाले गर्दा पाठ्यक्रम कार्यान्वयनमा असर परेको देखिन्छ । शिक्षा विभागले अनिवार्य रूपमा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रम लागु गर्नु पर्ने भने तापनि बालविकास केन्द्रहरुमा आफूखुशी नै क्रियाकलाप गराएको पाइन्छ । सहयोगी कार्यकर्तामा पाठ्यक्रम र शिक्षक निर्देशिकासम्बन्धी ज्ञान कम हुनु र अभिभावकको चेतनाको स्तरका कारण शिक्षा विभागले तोकेको पाठ्यक्रम कार्यान्वयनमा समस्या भएको छ भन्न सकिन्छ ।

त्यसै गरी यो अध्ययनको अन्तिम उद्देश्य पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा सरोकारवालाको धारणा पहिचान गर्ने रहेको छ । सरोकारवाला भनेर अभिभावक र व्यवस्थापन समितिलाई लिइएको छ । अन्तर्वार्ता सूचीको माध्यमबाट पाठ्यक्रम कार्यान्वयन सम्बन्धी धारणा बुझ्दा शिक्षित अभिभावक र व्यवस्थापन समितिको धारणा र अशिक्षित अभिभावकको धारणा दुई प्रकारको पाइन्छ । शिक्षित पक्षले बालविकास केन्द्रमा पाठ्यक्रमले तोके अनुसार नै क्रियाकलाप सञ्चालन गर्नुपर्ने र बालवालिकलाको सर्वाङ्गीण विकास गराउने खालका क्रियाकलाप सहयोगी कार्यकर्ताले अनिवार्य रूपमा गर्न सक्नुपर्ने धारणा राख्छन भने अशिक्षित

अभिभावक र व्यवस्थापन समितिका सदस्यहरु यो भन्दा विपरित धारणा राख्दछन् । उनीहरुको धारणामा बालवालिका वालविकास केन्द्रमा गएपछि चकचके नहुन् अथवा अनुशासनमा बस्नुपर्ने, पढाइ लेखाइमा मात्र ध्यान दिने खालका बन्नुपर्ने र सहयोगी कार्यकर्ताले त्यही अनुरूपनै विषयवस्तु पढाउनु पर्ने धारणा राख्दछन् ।

अन्त्यमा पाठ्यक्रमसम्बन्धी सहयोगी कार्यकर्ताको ज्ञान लगभग ५० प्रतिशत कम र अभिभावकको वालविकास सम्बन्धी चेतना स्तर कमजोर हुँदा निर्धारित पाठ्यक्रम कार्यान्वयनमा समस्या भएको देखिन्छ ।

## ५.३ सुझाव

सानो नमूना लिई सम्पन्न गरिएको यस अध्ययनको शीर्षक र उद्देश्यसँग सम्बन्धित भई संकलन गरिएको तथ्याङ्कका आधारमा गरिएको व्याख्या र विश्लेषणबाट प्राप्त नतिजाका आधारमा निम्नलिखित सुझाव दिन सकिन्छ :

- अभिभावकलाई बालविकास निर्देशिकामा भने अनुसारको अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ जसबाट पढाइ लेखाइमा नै जोड दिनुपर्छ भन्ने र सहयोगी कार्यकर्तालाई दिने दबावमा परिवर्तन आउन सक्दछ ।
- बालविकास केन्द्रहरूमा अनिवार्य रूपमा पाठ्यक्रम कार्यान्वयन गर्नुपर्ने र पाठ्यक्रमसम्बन्धी सहयोगी कार्यकर्तालाई अभिमुखीकरण तालिम दिनुपर्ने देखिन्छ जसले गर्दा पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्न सहयोग मिल्न सक्छ ।
- सहयोगी कार्यकर्ताको ज्ञान एवम् दक्षता अभिवृद्धि गर्न समय समयमा पुनर्ताजगी तालिम कार्यक्रम सम्बन्धित निकायले सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- बालविकास केन्द्रमा समय समयमा अनिवार्य रूपमा निरीक्षण र पृष्ठपोषण प्रदान गर्नुपर्ने देखिन्छ ।
- सहयोगी कार्यकर्ताको मासिक तलब बढाउनु पर्ने जसबाट उनीहरूमा कार्यगर्ने प्रेरणा अभिवृद्धि हुने देखिन्छ ।
- बालविकास केन्द्रमा दिइने वार्षिक रु. १०००/- लाई बढाउनु पर्ने देखिन्छ जसले गर्दा आवश्यक सामग्रीको व्यवस्था गरी क्रियाकलापमा आधारित सिकाइ सञ्चालन गर्न सहयोग पुग्दछ ।
- सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता बढाइ न्यूनतम प्रंमाणपत्र तहसम्म पुऱ्याउने पर्ने जसले गर्दा पाठ्यक्रम कार्यान्वयनमा ज्ञान एवम् दक्षता बढ्ने देखिन्छ ।
- आधारभूत केन्द्रहरूमा अनिवार्य रूपमा पाठ्यक्रम, निर्देशिका र अन्य स्रोत सामग्रीहरू सम्बन्धित निकायले उपलब्ध गराउनु पर्ने देखिन्छ ।
- पाठ्यक्रम विकास केन्द्रले तोकेको पाठ्यक्रम अनिवार्य रुपमा कार्यान्वयनमा ल्याउनुपर्ने जसले गर्दा उमेर अनुसारको क्रियाकलाप गराउन सघाउ पुग्ने देखिन्छ ।

# सन्दर्भसूची


जोशी, राधाकृष्ण (२०५५), **प्रारम्भिक बालविकास पाठ्यक्रम,** काठमाडौं : शैक्षिक विकास तथा अनुसन्धान केन्द्र ।

जोशी, राधाकृष्ण (२०४४), **पूर्व प्राथमिक शिक्षा**, काठमाडौं : शैक्षिक विकास तथा अनुसन्धान केन्द्र ।

शर्मा, गोपीनाथ (२०५९), **नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू**, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनरी ।

शिक्षा विभाग (२०६२), **प्रारम्भिक बालविकास कार्यक्रम : एक झलक**, काठमाडौं : शैक्षिक विकास तथा अनुसन्धान केन्द्र ।

मल्ल, कोमलवदन (२०५४), **प्रारम्भिक बाल्यावस्थाको शिक्षाका अवधारणा तथगा मुद्दाहरू**, काठमाडौं : शैक्षिक विकास तथा अनुसन्धान केन्द्र ।

शिक्षा विभाग (२०६२), **प्रारम्भिक बालविकास दिग्दर्शन**, सानोठिमी, भक्तपुर : काभ्रे अफसेट प्रेस ।

शिक्ष विभाग, (२०६१), **प्रारपिम्भक बालविकास रणनीतिक पत्र**, सानोठिमी भक्तपुर : युनेस्को ।

शिक्षा विभाग (२०५९), **बालविकास पुनर्ताजकी तालिम पुस्तिका**, भक्तपुर : शिक्षा विभाग ।

कट्टेल, खगेन्द्र (२०६५), **बालविकास पाठ्यक्रमको उपयुक्तता**, काठमाडौं : एकेडेमिक कम्प्युटर ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-७२)

शिक्षा ऐन २०२८

शिक्षा नियमावली २०४९

Rajbhandari, Madhu (2013), **Quantity Versus Quality Early Childhood Develoment Service in Nepal.** (ECD Journal), Kathmandu: CERID.

Shrestha, Kishor (1999), **Early Childhood Development What is it?** Kathmandu: Research Centre for Education Innovation and Development.

**Education for All National Plan of Action Nepal (2001-2015)**, Kathmandu: Ministry of Education.

Ghimire, Kalpana (2013, March 18), **Popular Preschool Education**. The Kantipur pp. 5.

DOE/MOE (2011/12), **Flash Report 2011/12**. Bhaktapur: Department of Education.

Rajbhandari, Madhu (2013), **Minimum Standard of Early Childhood Development Centers: Status, Issues and Challenges**. (ECD Journal), Kathmandu: Research Centre for Education Innovation and Development.

## अनुसूची

## सहयोगी कार्यकर्ताको लागि उपलब्धी परीक्षण

बालविकास केन्द्रको नाम : पूर्णाङ्क : ४५

सहजकर्ताको नाम : समय : ४५ मिनेट

*सबै प्रश्नहर अनिवार्य छन् । बालविकास केन्द्रको पाठ्यक्रम र निर्देशिकामा आधारित भएर प्रश्नहरू तयार पारिएको छ । तलका प्रश्नहरूको सही उत्तरमा रेजा (Ë) चिन्ह लगाउनुहोस् ।*

१) पूर्व बाल्यावस्था भनेर कुन उमेरलाई जनाउँछ ?

क) २-४ वर्ष ख) २-५ वर्ष

ग) २-६ वर्ष घ) २-७ वर्ष

२) बालविकास केन्द्रमा नियमानुसार कति वर्षका बालवालिका सहभागी हुन्छन् ?

क) २-३ वर्ष ख) ३-४ वर्ष

ग) २-४ वर्ष घ) ४-५ वर्ष

३) प्रारम्भिक बालविकास कार्यक्रमको मुख्य उद्देश्य के हो ?

क) पढाइ लेखाइ गराउने ख) सामाजिक विकास गराउने

ग) शारीरिक विकास गराउने घ) सर्वाङ्गीण विकास गराउने

४) पाठ्यक्रमले राम्रो सुन्ने बानिको विकास गरी भलाकुसारी गर्ने कामलाई टेवा दिन सरुक्ने क्रियाकलाप तलका मध्ये कुन सीपमा समावेश गरिएको छ ?

क) भाषिक सीप ख) नैतिक सीप

ग) सामाजिक सीप घ) सृजनात्मक सीप

५) प्रारम्भिक बालविकास कार्यक्रममा बालबालिकाको सर्वाङ्गीण विकास गराउनका लागि उपयोग गरेका प्रमुख ३ पक्ष के के हुन् ?

क) स्वास्थ्य, वातावरण र शिक्षा ख) स्वास्थ्य, शिक्षा र खानेपानी

ग) खाजा, पानी र उपचार ग) भौतिक, शैक्षिक वातावरण र खेल मैदान

६) बालविकास कार्यक्रममा विशेष अवाश्यकता भएका बालवालिकाका लागि कुन प्रकारको कक्षा सञ्चालन गर्नुपर्दछ ?

क) सहयोगात्मक ख) सामूहिक

ग) निदानात्मक घ) उपचारात्मक

७) बालवालिकालाई सिकाउने तरिका तलका मध्ये कुन उपयुक्त छ ?

क) औपचारिक ख) अनौपचारिक ग) नियमित घ) अनियमित

८) बालविकास केन्द्रमा सहभागी बालवालिकाको प्रगति प्रतिवेदन अभिभावक समक्ष कति समयमा पेश गर्नुपर्दछ ?

क) एक महिना ख) दुई महिना

ग) तीन महिनम घ) चार महिना

९) विद्यार्थीको सोच्ने भावनाको विकास गर्ने क्रियाकलाप कुन विकास अन्तर्गत पर्दछ ?

क) भाषिक विकास ख) नैतिक विकास

ग) बौद्धिक र सामाजिक घ) शारीरिक

१०) सहयोगी कार्यकर्ताको नियुक्ती पछि प्रदान गरिने अनिवार्य आधारभूत तालिमको समय कति हुन्छ ?

क) ३० घण्टा ख) ६० घण्टा

ग) ९० घण्टा घ) १२० घण्टा

११) बालविकास केन्द्रमा बालवालिकाले कति समय विताउँछन् ?

क) १ वर्ष ख) १.५ वर्ष

ग) २ वर्ष घ) २.५ वर्ष

१२) बालविकास केन्द्रमा बालवालिकाको मूल्याङ्कन प्रणाली कस्तो उपयुक्त हुन्छ ?

क) निर्माणात्मक ख) निर्णयात्मक

ग) निरन्तर घ) सुधारात्मक

१३) वर्तमान पाठ्यक्रममा वार्षिक कति हप्ता बालविकास केन्द्र सञ्चालन हुनुपर्ने प्रावधान छ ?

क) २२ हप्ता ख) २३ हप्ता

ग) ३२ हप्ता घ) ३३ हप्ता

१४) किण्डरगार्डेन विधिको मुख्य उद्देश्य तलका मध्ये कुन हो ?

क) गरेर सिक्ने ख) पढेर सिक्ने

ग) छोएर सिक्ने घ) हेरेर सिक्ने

१५) मन्टेश्वरी शिक्षण पद्धती तलका मध्ये कुन हो ?

क) गरेर सिक्ने प्रक्रिया ख) इन्द्रिय तालिम प्रक्रिया

ग) शिक्षक निर्देशित शिक्षण घ) स्वतन्त्र तालिम

१६) प्राम्भिक बालविकास पाठ्यक्रम अनुसार प्रत्येक दिन विहान र बेलुका कक्षा व्यवस्थापन र रेकर्ड व्यवस्थापनका लागि सहयोगी कार्यकर्ताले कति समय दिनुपर्दछ ?

क) २० मिनेट ख) २५ मिनेट

ग) ३० मिनेट घ) ४५ मिनेट

१७) सिर्जनात्मकता, उत्सुकता र काल्पनिकता विकास गर्ने लक्ष्य कुन विकास अन्तर्गत पर्दछ ?

क) सामाजिक विकास ख) मानसिक विकास

ग) संवेगात्मक विकास घ) नैतिक विकास

१८) कक्षाकोठा व्यवस्थापन भनेको के हो ?

क) सामग्रीको व्यवस्थापन ख) विद्यार्थी व्यवस्थापन

ग) कोठाको उपयुक्त वातावरण घ) माथिका सबै

१९) प्रारम्भिक बालविकासको एउटा उद्देश्यमा बालवालिकाको सर्वाङ्गीण विकास गराउने भनेको छ त्यो बाहेक अर्को उद्देश्य तलका मध्ये कुन हो ?

क) सामाजिकीकरण ख) नैतिक ज्ञानको विकास

ग) भाषिक सीपको विकास घ) प्राथमिक शिक्षाको तयारी

२०) बालवालिकाको सामाजिक परीवेश अनुरूप विविध शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिकाइ क्रियाकलाप सञ्चालन गर्ने लक्ष्य तलका मध्ये कुनले राखेको छ ?

क) प्रारम्भिक बालविकास पाठ्यक्रम ख) सबैका लागि शिक्षा

ग) विद्यालय सुधार योजना घ) सहश्राब्दी विकास लक्ष्य

२१) तीन वर्ष उमेर समूहका लागि सबैभन्दा बढी क्षेत्रगत भार कुन कार्यका लागि छुट्याइएको छ ?

क) स्वतन्त्र खेल ख) भाषिक अभिव्यक्ति

ग) सामाजिक र नैतिक विकास घ) मानसिक विकास

२२) स्वास्थ्य र सुरक्षाको सम्बन्धमा सचेत हुन मद्दत पुऱ्याउने क्षेत्र तलका मध्ये कुन हो ?

क) शारीरिक विकास ख) संवेगात्मक विकास

ग) सामाजिक र नैतिक विकास घ) मानसिक विकास

२३) तलका मध्ये कुन पक्षको विकासले ठिक बेठिक चिनेर, ठिक कुरालाई अपनाउन र आफूसँग सम्बन्धित विषयमा हुने निर्णमा सहभागी हुने बानिको विकास गराउँछ ?

क) सामाजिकीकरण ख) जीवनोपयोगी सीप

ग) सामाजिक व्यवहार घ) नैतिक विकास

२४) साधारण कारणहरू सहित फरक छुट्याउने सीपहरूमा वृद्धि गर्न तलका मध्ये कुन विकास हुनु आवश्यक छ ?

क) शारीरिक विकसा ख) मानसक विकास

ग) नैतिक विकास घ) संवेगात्मक विकास

२५) संवेगात्मक विकासको विकासात्मक लक्ष्यहरूमा तलका मध्ये कुन पर्दैन ?

क) आफूप्रतिको सकारात्मक भावना विकास गराउने,

ख) उचित स्थानमा उचित संवग प्रकट गर्ने,

ग) अवस्था अनुरूप संयमित रहने सीप विकास गर्ने,

घ) सिर्जनात्मकता, उत्सुत्रता र काल्पनिकता विकास गर्ने ।

२६) बालवालिकालाई सकारात्मक सोचाइको विकास गराउन तलका मध्ये कुन व्यवहार सिकाउनु आवश्यक छ ?

क) जीवनोपयोगी सीप ख) सामाजिक व्यवहार

घ) भाषिक व्यवहार घ) सामाजिकीकरण

२७) पाठ्यक्रमले आधारभूत क्षेत्र तथा विषयात्माक क्षेत्रका सिकाइ उपलब्धी कति वटा तोकेको छ ?

क) ४ वटा ख) ५ वटा

ग) ६ वटा घ) ७ वटा

२८) पाठ्यक्रमले विषयगत सिकाइ उपलब्धिका क्षेत्रहरू कतिवटा तोकेको छ ?

क) तीनवटा ख) चारवटा

ग) पाँचवटा घ) छ वटा

२९) तलका मध्ये विषयगत सिकाइ उपलब्धी क्षेत्र अन्तर्गत कुन पर्दैन ?

क) वातावरण विज्ञान ख) सामाजिक शिक्षा

ग) गणित घ) अंग्रेजी

३०) आफ्नो घर र छिमेकिको घरको आकार, तला, कोठा झ्याल ढोकाको संख्या पत्ता लगाउन लगाउने क्रियाकलाप कुन क्षेत्र अन्तर्गत गराउन पर्दछ ?

क) कला र सिर्जनात्मकता ख) सामाजिक शिक्षा

ग) भाषा शिक्षा घ) विज्ञान तथा वातावरण

३१) “विभिन्न प्रकारका घरहरू” शीर्षकमा क्रियाकलाप गराउँदा कला र सिर्जनात्मक विषय अन्तर्गत कुन क्रियाकलाप प्रभावकारी हुन्छ ?

क) घरको सरसफाइ गर्ने तरिका र कोठाहरूका बारेमा जानकारी दिने,

ख) घरको महत्त्वका बारेमा छलफल गराउने,

ग) नजिकै देखिने घरको संख्या पत्ता लगाई तला गन्न लगाउने,

घ) कागजको घर बनाउन लगाउने ।

३२) आफ्नो विवेकको आधारमा सामान्यिकरण गर्ने कार्य कुन बौद्धिक कार्य अन्तर्गत पर्दछ ?

क) समानता र भिन्नता ख) वर्गीकरण र सामान्यिकरण

ग) व्यवस्था र मिलान घ) सम्बन्धको आधारमा

३३)	तलका बौद्धिक कार्यको क्षेत्र मध्ये 'व्यवस्था र मिलान' अन्तर्गत कुन उद्देश्य पर्दछ ?

क) आफूले गर्ने दैनिक क्रियाकलापको क्रम मिलाउने,

ख) देखेको आधारमा एक पछि अर्काको सम्बन्ध पत्ता लगाउन,

ग) वर्गीकरण अन्तर्गत एक समूहमा पर्नुको कारण बताउन,

घ) आकारको आधारमा वस्तुको समानता र भिन्नता पहिल्याउन ।

३४)	तपाइको विचारमा विद्यार्थीलाई बौद्धिक अवधारणा र सीप (ज्ञानात्मक) सिकाउनको कारण के हो ?

क) बाह्य र भित्री गुण वा विशेषताका आधारमा भिन्नता छुट्याउन,

ख) प्रयोग र बनोटका आधारमा वस्तुहरूलाई वर्गीकरण गर्न,

ग) देखेका र भोगेका घटनाका आधारमा क्रम मिलाउन,

घ) बौद्धिक उत्सुकता, धारणा विकास, समस्या समाधानका लागि आवश्यक सीपहरू प्रयोग तथा विकास गर्न

३५)	सुरक्षित स्वास्थ्यका लागि गर्नुपर्ने कामहरूसँग परिचित भई सहभागी हुन विद्यार्थीलाई कुन विषयले सघाउ पुऱ्याउँछ ?

क) शारीरिक विकास सीप	ख) स्वास्थ्य सीप

ख) पोषण विकास	घ) स्वास्थ्य, पोषण र सुरक्षाका सीप

३६)	बर्तमान पाठ्यक्रमको विशेषतामा तलका मध्ये कुन पर्दैन ?

क) बालकको रुची, क्षमता र आवश्यकतालाई प्राथमिकता दिनु,

ख) बाललालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित रहनु,

ग) परिवार र समुदायमा रहेका संज्ञानात्मक र मानवीय स्रोतको प्रयोग

३७)	कक्षा भित्र अनिवार्य रूपले भाषा क्षेत्र सिर्जनात्मक क्षेत्र, गणित क्षेत्र र विज्ञान क्षेत्र जस्ता सिकाइ, क्षेत्रहरूको व्यवस्था गर्नुपर्दछ । यो तलका मध्ये के सँग सम्बन्धित छ ?

क) भौतिक वातावरण	ख) कक्षाकोठा व्यवस्थापन

ख) शैक्षिक वातावरण	घ) बाह्य वातावरण

३८)	तपाइलाई बालवालिकाको विशेष आवश्यकताको पहिचान गर्न पऱ्यो त्यस अवस्थामा सर्वप्रथम कसको सहयोग लिँदा राम्रो हुन्छ ?

क) अभिभावक	ख) अन्य शिक्षक

ग) व्यवस्थापन समिति	घ) मनोवैज्ञानिक

३९)	पूर्वबाल्यवस्थाको विशेषतामा तलका मध्ये कुन पर्दैन ?

क) रचनात्मक उमेर	ख) नक्कल गर्ने उमेर

ग) खेल्ने उमेर	घ) नाजुक उमेर

४०) पूर्व बाल्यावस्थाका बालवालिका खेलौनाहरूसँग जीवित वस्तु ठानी वोली वोली खेल्ने गर्दछन् र आफ्नो काममा अरुको हस्तक्षेप मनपराउँदैनन यो अवस्थामा कसरी सिकाउनु प्रभावकारी हुन्छ ?

क) समूहमा मिलाएर खेल खेलाउने,

ख) नियन्त्रण गरेर विषयवस्तु सिकाउने,

ग) विषयवस्तुसँग सम्बनिधत गराएर बालककै रुची अनुसारको खेलबाट व्यवहार सिकाउने,

घ) उनीहरूको इच्छा अनुसार गर्न दिने ।

४१) वरपरको वातावरणबाट सिक्नका लागि समस्या समाधानको उपयुक्त परिस्थिति बनाई कुन शिक्षण तरिका अपनाउनु पर्दछ ?

क) बाल उपयोगी ख) व्यक्तिगत

ग) समूहगत घ) विषयगत

४२) पूर्वबाल्यावस्थालाई विद्यालयमा गई तलका मध्ये कुन पक्षसँग पूर्ण रूपमा भाग लिने अवस्थाका रूपमा लिइन्छ ?

क) सामाजिकीकरण ख) अनुशासन

ग) पढाइ लेखन घ) बालसमूह

४३) शिक्षकले क्रियाकलाप गराउँदा बालवालिकामा कुनै प्रकारको नकारात्मक भावना वा वोझ उत्पन्न गराउँनु हुँदैन । तपाइ यस्तो अवस्थामा क्रियाकलापहरूको व्यवस्थापन कसरी गर्नुहुन्छ ,

क) शैक्षिक सामग्रीको प्रयोग गरेर,

ख) सीमित क्रियाकलाप गराएर

ग) पृष्ठपोषण प्रदान गरेर

घ) सहकार्य गराएर

४४) बालवालिकाको सिकाइमा सहयोग गर्न सहयोगी कार्यकर्ताले खेल्ने उपयुक्त भूमिका के हो ?

क) वर्णन गर्ने, थप जानकारी दिने

ख) प्रश्न सोध्न प्रोत्साहन गर्ने

ग) के, कसरी र किन जस्ता प्रश्न गर्ने

घ) माथिका सबै

४५) बालवालिकालाई प्राथमिक विद्यालयका लागि तयार गर्ने क्रममा बालविकास केन्द्रमा उनीहरूले बिताउने समय मध्ये कुन पक्षमा लागि योजनाबद्ध रूपले समय छुट्याउनु पर्दछ ?

क) पूर्व अक्षर चिनारी र पूव लेखाइ

ख) बाह्य खेलका लागि

ग) क्रियाकलाप मुखी सिकाइब्का लागि

घ) विश्वास र सुरक्षाको भावनाका लागि

**बालविकास केन्द्र सञ्चालन गर्नको लागि आवश्यक सामग्रीको व्यवस्थापन अवलोकन फारम**

बालविकास केन्द्रको नाम:

| **क्र.सं.** | **क्रियाकलापहरू** | **छ** | **छैन** |
|---|---|---|---|
| १ | सामग्रीको प्रयाप्त व्यवस्थापन | | |
| २ | खेलका लागि छुट्टै व्यवस्थापन | | |
| ३ | आरामको लागि छुट्टै व्यवस्थापन | | |
| ४ | स्वतन्त्र खेलका लागि उचित व्यवस्था | | |
| ५ | भाषिक अभिभव्यक्तिका लागि उपयुक्त व्यवस्था | | |
| ६ | व्यक्तिगत स्वतन्त्र क्रियाकलापका लागि उपयुक्त व्यवस्था | | |
| ७ | सबै बालवालिकालाई क्रियाकलापमा सहभागी हुने व्यवस्था | | |
| ८ | सामग्री राख्ने ठाउँको व्यवस्था | | |
| ९ | दैनिक कार्यतालिका अनुसार क्रियाकलाप गर्ने व्यवस्था | | |
| १० | खाजा खाने ठाउँको व्यवस्था | | |

## बालविकास केन्द्र सञ्चालन गरिने क्रियाकलापको अवस्था अवलोकन फारम

बालविकास केन्द्रको नाम:

| **क्र.सं.** | **क्रियाकलापहरू** | **छ** | **छैन** |
|---|---|---|---|
| १ | बाह्य खेल | | |
| २ | शारीरिक खेल र सामाजीकिकरण | | |
| ३ | समूह कार्य | | |
| ४ | योजनावद्ध क्रियाकलाप | | |
| ५ | व्यक्तिगत खेल | | |
| ६ | सामूहिक योजनाबद्ध खेल/क्रियाकलाप | | |
| ७ | स्वास्थ्य नैतिक सन्देश/आराम | | |
| ८ | खाजा र शौचालय | | |
| ९ | सङ्गीत तथा अभिनय | | |
| १० | आराम | | |
| ११ | व्यक्तिगत स्वतन्त्र क्रियाकलाप | | |
| १२ | साङ्गीतिक अभिव्यक्ति | | |
| १३ | घर जाने तयारिका लागि कक्षाकोठा व्यवस्थापन | | |
| १४ | घरजाने व्यक्तिगत तयारी | | |

**कक्षाकोठा वाह्य सञ्चालनको अवस्था अवलोकन फारम**

बालविकास केन्द्रको नामः

बालबालिकाको संख्या

सहयोगी कार्यकर्ता संख्या

शैक्षिक योग्यता

| **क्र.सं.** | **क्रियाकलापहरू** | **छ** | **छैन** |
|---|---|---|---|
| १ | बाह्य खेलको व्यवस्थापनको उपयुक्ततता | | |
| २ | लाइनमा बसाएर पालो अनुसार सहभागी | | |
| ३ | शौचालय पालो अनुसार जाने व्यवस्था | | |
| ४ | बाह्य खेलमा उत्प्रेरित | | |
| ५ | क्रियाकलापमा सहयोगी कार्यकर्ताको सक्रिय सहभागिता | | |
| ६ | स्वास्थ्य सम्बन्धी जीवनयोपयोगी सीपको विकास | | |
| ७ | मांशपेशिय तालिम | | |

## अभिभावकका लागि अन्तर्वार्ता सूची

१) तपाईको विचारमा बालविकास केन्द्रको उद्देश्य के हो ?

२) तपाईका बालवालिका रहने बालविकास केन्द्रमा के कस्ता भौतिक सुविधा छन् ?

३) बालविकास केन्द्रमा के कस्ता क्रियाकलाप हुनुपर्ला ?

४) तपाईले सहयोगी कार्यकर्ता, व्यवस्थापन समिति, सञ्चालक तथा अन्य सम्बद्ध पक्षसँग नियमित रुमपा भेटघाट तथा छलफल गर्ने गर्नुभएको छ ? छ भने कस्ता विषयमा छलफल हुन्छ ?

५) बालविकास केन्द्रमा के कस्ता क्रियाकलाप गर्ने गरेका छन् ?

६) बाविकास केन्द्रका क्रियाकलापका बारेमा सहयोगी कार्यकर्तासँग बुझ्ने गर्नुभएको छ ? छ भने ती क्रियाकलाप के के हुन् ?

७) केन्द्रमा शिक्षण सिकाइका लागि के कस्ता सहयोगी सामग्रीहरू रहेका छन् ?

८) सहयोगी कार्यकर्ताको कार्यप्रेरणा बढाउने क्रियाकलाप केही गर्नुभएको छ ?

९) तपाइले बालविकास केन्द्रमा बच्चालाई किन पढाउनु भएको हो ?

१०) बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले कस्ता कस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ?

११) तपाई ३/४ वर्षको सानो बच्चालाई एकजना सहयोगी कार्यकर्ताको जिम्मा छाड्नुपर्ने हुन्छ के त्यहाँ बच्चाले घरको जस्तो वातावरण पाएका छन् ?

१२) बालविकास केन्द्रमा सञ्चालन हुने विभिन्न कार्यक्रममा सहयोगी कार्यकर्ताले तपाइलाई के कति मात्रामा संलग्न गराएको पाउनु भएको छ ?

१३) तपाईको बच्चा तपाइसँग सहयोगी कार्यकर्ताको व्यवहारका बारेमा कुरा लगाएको छ ? यदि छ भने कुन पक्ष र कस्तो कुरा लगाएको छ ?

## सहजकर्ताका लागि अन्तर्वार्ता सूची

१) तपाईको विचारमा बालविकास केन्द्रको उद्देश्य के हो ?

२) तपाइको बालविकास केन्द्रमा के कस्ता भौतिक सुविधा छन् ?

३) तपाईले बालविकास केन्द्रमा के कस्ता क्रियाकलाप गर्नुपर्दछ ?

४) तपाईको अभिभावक, व्यवस्थापन समिति तथा अन्य सम्बद्ध व्यक्तिसँग के कस्ता विषयमा छलफल हुन्छ ?

५) तपाई आफूले केन्द्रमा सञ्चालन गर्ने कार्यको दैनिक, मासिक तथा वार्षिक कार्य तालिका बनाउनु हुन्छ ? बनाउनु हुन्छ भने सोमा के के कुरा समावेश गर्नुहुन्छ ?

६) तपाइको केन्द्रमा शिक्षण सिकाइका लागि के कस्ता सहयोगी सामग्रीहरू रहेका छन् ?

७) तपाइले सहजकर्ताका रूपमा आफ्नो भूमिका कस्तो बनाउनु भएको छ ?

८) तपाइलाई के के कार्यले प्रेरणा जगाउँछ ?

९) बालवालिकाका लागि जीवनोपयोगी सीप विकास गराउने कार्य कसरी गर्नुहुन्छ ?

१०) क्रियाकलापमा आधारित शिक्षण कसरी गराउनु भएको छ ?

११) पाठ्यक्रममा उल्लेखित भूमिका निर्वाह गर्न कस्तो कस्तो समस्या छ ?

## व्यवस्थापन समितिका लागि अन्तर्वार्ता सूची

१) तपाइ बालविकास केन्द्रको व्यवस्थापन समितिमा संलग्न भएको कति समय भयो ?

२) तपाइ बालविकास केन्द्रमा कति कति समयमा आउनु हुन्छ ?

३) बालविकास केन्द्र नियमित रूपमा सञ्चालन हुन्छ कि हुँदैन ? हुँदैन भने किन ?

४) बाल विकास केन्द्र सञ्चालनमा आएपछि के फरक पाउनु भएको छ ?

५) बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताले बालबच्चासँग कस्तो व्यवहार गरेको पाउनु भएको छ ?

६) केन्द्रमा आउने बच्चा र नआउने बच्चाको व्यवहारमा कस्तो फरक अनुभव गर्नुभएको छ ?

७) बालविकास केन्द्रको आवश्यकता किन परेको होला ?

८) सहयोगी कार्यकर्ताले बच्चाबच्चीलाई दण्डसजाय दिएको पाउनु भएको छ ?

९) सहयोगी कार्यकर्ताले के तपाईसँग शैक्षिक समस्याको सम्बन्धमा छलफल गर्नु भएको छ ?

१०) बालवालिकाको सर्वाङ्गीण विकासका लागि सहयोगी कार्यकर्ताको भूमिकामा सन्तुष्ट हुनुहुन्छ ?

११) सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता कति हुनुपर्दछ जस्तो लाग्छ ?

१२) तपाइले बालविकास केन्द्रबाट राखेको अपेक्षा के हो?

१३) तपाइले बालविकास केन्द्रमा कस्ता कस्ता क्रियाकलाप गर्न अभिप्रेरित गर्नुहुन्छ ?

१४) तपाइको अभिभावक र सहजकर्तासँग के कस्ता विषयमा छलफल  हुन्छ ?

१५) तपाइको केन्द्रमा शिक्षण सिकाइका लागि के कस्ता सहयोगी सामग्रीहरू रहेका छन् ?

१६) सहयोगी कार्यकर्ताको कार्य प्रेरणा बढाउन तपाइले के गर्ने गर्नुभएको छ ?